# झुलेनी पोष्ट
www.jhulenipost.com
साप्ताहिक

वर्ष ८, अंक २९, २०७८ माघ १८ मंगलवार (Jhuleni Post Weekly) 01 Feb. 2022 पृष्ठ ८, मुल्य रु. २०



झुलेनी पोष्ट साप्ताहिक
विज्ञापन प्रकाशनका लागि सम्पर्क
०८६-५९०४३६
कार्यालय : प्यूठान न.पा.-४, बिजुवार
Email : jhulenipyuthan@gmail.com


## सरकारी सवारी साधनको दुरूपयोग बढ्दो

झुलेनी पोष्ट
प्यूठान

प्यूठान जिल्लाका विभिन्न ठाउँमा सरकारी सवारी साधनको दुरुपयोग हुने गरेको गुनासो बढेको छ । जिल्लामा रहेका विभिन्न सरकारी कार्यालयमा कार्यरत कर्मचारीहरू र स्थानीय तहका जनप्रतिनिधिले प्रयोग गर्न खरिद गरिएका गाडी, मोटरसाइकल लगायत सरकारी सवारी साधनको दुरुपयोग हुने गरेको पाइएको हो ।

शनिबार, वा सार्वजनिक विदाका दिन सरकारी सवारी साधन चलाउनुपरे जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिएर मात्रै सञ्चालन गर्नुपर्ने नियम छ। जिल्ला बाहिर जान पर्ने भएपनि प्रशासनबाट पास लिन पर्छ । तर, यहाँका कर्मचारी र जनप्रतिनिधिले सार्वजनिक बिदाको दिन व्यक्तिगत कामकाजका लागि सरकारी सवारी साधनको प्रयोग गर्ने गर्दछन् । यसको पछिल्लो उदाहरण ऐरावती गाउँपालिकाको



गाडी बिदाका दिन चलेको थाहा पाएपछि नेपाल कम्युनिष्ट पार्टी अर्घाखाँचीले जिल्ला प्रशासन कार्यालय प्यूठान मार्फत सम्बन्धित गाउँपालिकालाई बुझाएको समाचार सार्वजनिक भएको छ नेकपा अनुसार शनिवारको दिन पारिवार सहित अर्घाखाँचीको सुपादेउरालीमा सरकारी गाडी फेला पारेको थियो । यस्तै केहि समय अघि सरकारी मोटरसाइकल शनिवारका दिन नम्बर छोपेर दुरुपयोग गरेको प्यूठान नगरपालिकाको मोटर साइकलको फोटो सामाजिक सञ्जालमा चर्चित बनेको थियो। 'कर्मचारीमा इमानदारिता र नैतिकता हुनुपर्छ', 'प्रमुख जिल्ला अधिकारी खिमप्रसाद भुसालले भने, 'जबसम्म स्वतस्फूर्त कर्मचारी नियन्त्रित हुँदैनन्, तबसम्म सवारी साधन दुरुपयोग हुन्छ ।' '

बाँकी ५ पेजमा.....

## हाम्रो नजर

## दशैं अगाडि खाल्डा, बल्ल पिच हुँदै



बिजुवार-बाग्दुला सडक खण्डको टिकुरीमा पिच गर्नका लागि तयारी हुँदै ।

*जिल्लाको मुख्य प्रवेशद्वार भालुवाङ प्यूठान सडक खण्ड अन्तर्गत विभिन्न ठाउँमा सडक मर्मत हुन थालेको छ । दशैं अगाडि यस सडक खण्डको रातामाटादेखि बाग्दुला सम्म सडक बिग्रेर परेका खाल्डा पिच गर्न तयारी गरेपनि अलपत्र थियो । खाल्डा खनेको करिब ४ महिनापछि बिग्रेका ठाउँमा मर्मत हुन थालीएको छ । पिच गर्नका लागि खनेका खाल्डामा उसबेला धुलो समेत उडाइएको थियो । लामो समयसम्म पिच हुने पर्खाइमा बसेका स्थानीयको सपना बल्ल पुरा हुने भएको छ । बाग्दुला, टिकुरी, पुण्यखोला, बिजुवार, भौका, जुम्रि, रातामाटा लगायतका ठाउँमा सडक मर्मत गर्न थालिएको छ । पिच गर्ने भनी खाल्डा खनेर दशैंदेखि ठेकेदार सम्पर्कमा थिएनन् ।*

*जिल्लामा रहेको सडक डिभिजन कार्यालय समेत जिल्लाबाट हटेको थियो । प्रमुख जिल्ला अधिकारी खिमप्रसाद भुसालका अनुसार सडक डिभिजन कार्यालय दाङ मार्फत सडक मर्मतको काम हुन थालको हो । पुण्यखोला आसपासमा पिच गर्नका लागि अलकत्र तताउने स्थान समेत बनाइएको थियो । यहाँ पिच गर्नका लागि आवश्यक गिट्टि बालुवा पनि राखिएको थियो । समयमै काम नहुँदा सवारी साधनलाइ ओहोरदोहोर गर्न कठिन बनेको थियो । सडक क्षेत्र आसपासका स्थानीय धुलोले हैरानी व्यहोरेका थिए ।*

## लिस्ने जनसञ्चार 'ख' वर्गमा वर्गिकृत

हाल झुलेनी पोष्ट साप्ताहिकका रुपमा प्रकाशित हुँदै आएको लिस्ने जनसञ्चार साप्ताहिक 'ख' वर्ग वर्गिकरणमा परेको छ । प्रेस काउन्सिल नेपालले आइतवार सार्वजनिक गरेको वर्गिकरणमा लिस्ने जनसञ्चार साप्ताहिक आ.व. २०७५/०७६, २०७६/०७७ मा वर्गिकरणमा परेको हो । आ.व. २०७७/०७८ को भने काउन्सिलले नतिजा निकालेको छैन । आ.व. २०७५/०७६ को वर्गीकरणको लागि आवेदन दिने ८ सय ८३ (प्रदेशस्तर १६६, राष्ट्रियस्तर १६५, स्थानीय स्तर ५५२) पत्र पत्रिका मध्ये प्युठानमा लिस्ने जनसञ्चार साप्ताहिक सहित हाम्रो एकता साप्ताहिक र माण्डवी साप्ताहिक पत्रिका पनि 'ख' वर्गमा परेका छन् । त्यस्तै आ.व. २०७६/०७७ को वर्गीकरणको लागि आवेदन दिने ८ सय ७८ (प्रदेशस्तर १६९, राष्ट्रियस्तर १४९, स्थानीय स्तर ५६०) पत्रपत्रिका मध्येमा प्यूठानबाट नियमित रुपमा लिस्ने जनसञ्चार साप्ताहिक वर्गिकरणमा परेको हो। लिस्ने जनसञ्चार साप्ताहिक २०७१ सालदेखि नियमित रुपमा प्रकाशन हुँदै आएको छ । प्रेस काउन्सिल नेपालले प्रेस काउन्सिल ऐन, २०४८ को दफा १० बमोजिम गठित पत्रपत्रिका वितरण सम्परीक्षण समितिको वर्गीकरण प्रतिवेदनको आधारमा नतिजा सार्वजनिक गर्दै आएको छ । लिस्ने जनसञ्चार साप्ताहिक आ.व. २०७८/०७९ देखि झुलेनी पोष्ट साप्ताहिकको रुपमा प्रकाशित हुँदै आएको छ।

## खोप त लगाए, पढाइ बन्द



प्यूठान नगरपालिका ३, सापडाँडा स्वास्थ्य चौकीमा खोप लगाउन आएका विद्यार्थी

*विद्यालयमा नियमित पठन पाठन गर्ने भनी शिक्षक र विद्यार्थीहरुलाई कोरोना बिरुद्धको खोप लगाउने अभियान थालियो । जिल्ला स्वास्थ्य कार्यालयले गाउँपालिका तथा नगरपालिकाको समन्वयमा खोप केन्द्र पनि सञ्चालन गऱ्यो । विद्यार्थीहरु र शिक्षकले खोप पनि लगाए । तर, विद्यालयमा पठन पाठन सञ्चालनमा छैन । माघ लागेदेखि नै विद्यालय बन्द छन् । गत वर्षदेखि हप्ता दिन भन्दै महिनौं विद्यालयमा पढाइ सुचारु नहुँदा आजित रहेका अभिभावक यस वर्ष पनि त्यस्तै हुन्छ की भन्ने पिरमा छन् ।*

*अब अभिभावकलाई कहिलेबाट अनलाइन क्लास गर्ने भनी सुचना आउने हो चिन्तामा छन् । शिक्षकहरुको तलब बसेकै छ, विद्यार्थीहरुले तिर्ने शुल्क पनि थपिएकै छ । तर पढाई भने छैन । जिल्ला प्रशासन कार्यालयले दोस्रो पटक सुचना निकालेर माघ महिनाभर शिक्षण संस्था बन्द गर्न गराउन निर्देशन दिएको छ । नियमित पठन पाठन नहुँदा विद्यार्थीहरु समस्यामा छन् भने अभिभावकहरु चिन्तामा ।*

## जीवनको रङ्ग

## सामुहिक तरकारी खेतीबाट मनग्गे आम्दानी

तेजेन्द्र बि.एम.
झुलेनी पोष्ट, प्यूठान

यहाँका दिदी बहिनीहरु बिहान भिसमिसेदेखि बेलुका अबेरसम्मै बारीमा भेटिन्छन् । प्यूठान नगरपालिका ८, का दिदीबहिनीहरुको मेहनेत रहरलाग्दो छ । सामुहिक रुपमै छलफल, सामुहिक तरकारी खेती र सामुहिक रुपमै बिक्रिका लागि जाने यिनी दिदीबहिनीहरुको दैनिकी हो। कृषि पेशामा पौरख गरीरहेका यिनीहरुको कर्मबाट आफूहरु मात्र होइन सबै परिवार खुसी छन् । 'हाम्रो फुर्सद खाना खाने बेला मात्रै हो', स्थानीय डण्डी शर्माले भनिन्, ' पहिले तरकारी डोकोमा बोकेर बाग्दुला, बिजुवार, जुम्री, क्वाडी, खलंगासम्म जान्थ्यौं ।' अहिले गाडी सुविधा भएकाले डोकोमा बोक्न नपर्ने उनले बताइन् । गाउँमै तरकारी फलाएर आम्दानी गरीरहेकी यिनले भारतमा रहेका श्रीमानलाई घरमै बोलाएर



सामुहिक रुपमा तरकारी खेतीमा आवद्ध रहेका प्यूठान न.पा.८ खप्रेडखोलाका दिदिबहिनीहरु

सँगै पेशा गर्दै आएका छन् । तरकारी खेतीबाट वार्षिक सरदर २ लाख भन्दा बढी आम्दानी हुने गरेको शर्माको भनाइ छ । यसैको कमाइले घरखर्च, छोराछोरी पढाउन र जीविकोपार्जन गर्न सहज बनेको शर्माले बताइन् । शर्माजस्तै यहाँका अन्य दिदी बहिनीहरु पनि जाँगरिला छन् । स्थानीय माधवा गिरिले बारीमा तरकारी फलाउन थालेको वर्षौं भइसक्यो । तरकारीबाटै आम्दानी भइरहेपनि सोचे अनुरुप बजार पाउन नसकेको दुखेसो छ यिनको । 'हामिले खेती त गर्छौं तर अभैपनि बजार पाउन सकेका छैनौं', उनले भनिन्, 'बजार सानो

बाँकी ५ पेजमा.....

झुलेनी पोष्ट
सम्पादकीय....

## सरकारी गाडीको दुरूपयोग रोकौं

*जनप्रतिनिधि निजामती कर्मचारी, नेपाली सेना,प्रहरी चढ्ने सेतो नम्बर प्लेट झुण्डिएको गाडीलाई हामी साधारण तथा सरकारी गाडी भनेर बुझ्दछौ । सेतो नम्बर प्लेटको कागि अख्तियारी प्राप्त व्यक्ति मात्र प्रयोग गर्नु पर्छ । तर अहिले सरकारी सवारी साधनहरु सुदपयोग भन्दा दुरुपयोग बढी हुन थालेको गुनासो धेरै आउन थालेको छ। कहिले काँही सरकारी सवारी साधनहरु तरकारी ओसानदेखि लिएर आफन्तहरुलाई घुमाउनका लागि प्रयोग भैरहेको अवस्थामा सामाजिक सञ्जालहरुमा तस्विरहरु समेत देख्न पाईन्छ । सार्वजनिक विदाको समयमा सरकारी गाडी लिएर घुम्न अनि रमाईलो गर्न जानेहरुको लहर पनि कहिलेकाही लामै देखिन्छ। सरकारी सवारी साधनहरु व्यक्तिको सुविधा र सहुलियतमा प्रयोग गर्न पाइदैन । प्रयोग गर्न पनि हुदैन । सरकारी गाडी जनताको सेवा र कार्यसम्पादनलाई थप सहज,सरल र जनमुखी बनाउने प्रयोग गर्नुपर्छ । कर्मचारी र जनप्रतिनिधिहरुलाई सरकारी सवारी साधनको प्रयोग गर्न दिनुको उद्देश्य यो होईन की उनीहरुले यसलाई विलासिताको माध्यम बनाउन र यसको दुरुपयोग गरुन । बिडम्बना नै भनुपर्छ सरकारी सवारी साधनको मनोमानी प्रयोग बढ्न थालेको छ। जनताका सेवक भनिने राष्ट्रसेवकहरु चढ्ने गाडी जनताले तिरेकै करबाट चल्ने हो।*

*यस्तो जनताको करबाट चल्ने जनतासंग प्रत्यक्ष रुपमा जोडिएको बिषयहरुमा अत्यन्त संवेदनशील बन्नु पर्ने हो । मितव्ययी तरिकाले अधिकतम प्रयोग गरिनु पर्ने हो तर दुखको कुरा यस्तो हुन सकिराखेको छैन । नत यिनको राम्रो व्यवस्थापन हुन ने सकेको छ। नत अत्यधिक सदुपयोग गर्ने चासो नै । पछिल्लो पाँच वर्षमा बर्षमा सरकारी सवारी साधनमा निकै ठुलो रकम खर्च भएको छ । कुल बजेटको ६० अर्ब भन्दा बढी रकम सवारी साधनहरु खरिदका लागि खर्च भएको देखिन्छ । यति ठुलो रकम खर्चेर खरिद गरिएका सवारी साधनहरु अत्यधिक सदुपयोग हुनु र हिफाजतका साथ प्रयोग हुन जरुरी छ।*

*सरकारी सवारी साधनको प्रयोगबारे स्पष्ट नीति नहुनु नै यसको मुख्य समस्या हो। सकारी दस्तावेजहरुमा भएको व्यवस्थाहरुको पनि खासै प्रयोगमा ल्याएको र अवलम्बन गरेको पाईदैन । यसो भनिरहँदा सबैले सरकारी सवारी साधनको दुरुपयोग मात्र गर्छन सबैले नीति नियमको पालना गर्दैनन भन्न खोजेको अवश्य होईन । एकदम कम मात्रामा नियम पालना गर्ने र सदुपयोग गर्नेहरु भेटिन्छन । बरै कर्मचारीहरु आफैले दुरुपयोग गर्छन त कतै अरुलाई दिएर,त कतै अन्य विविध तरिकाले यसको दुरुपयोग भएको पाईन्छ। केन्द्रदेखि स्थानीय तहसम्म यसको चरम दुरुपयोग भएको पाईन्छ। यता राजनितिक दलका नेता कार्यकर्तादेखि कर्मचारी तहसम्म यो समस्या देखिन्छ। सरकारी सवारी साधनहरुको दुरुपयोग रोक्न विभिन्न क्षेत्रबाट प्रयासहरु भईरहे उपलब्धि खासै छैन्। सम्पूर्ण सरोकारवालाहरु जिम्मेवार भएर असल चरित्र निर्माण गर्न सके सरकारी सवारी साधनहरु दुरुपयोगको मात्रा कम गर्न सके सकिन्छ। सरकारी सवारी साधनको दुरुपयोग भएको बारे जिल्ला प्रशासन कार्यालयले निगरानी बढाउन सके दुरुपयोग कम गर्न सकिन्छ।*

# परिवर्तनको अर्थ






युवराज गौतम

राजा महेन्द्र ह्ल्यान्ड (नेदरल्यान्ड्स) भ्रमणमा रहेका बेला त्यहाँ एउटा ऐतिहासिक घटना भयो। १९६७ को अप्रिल २७ साँझ रात्रिभोज चलिरहेको बेला त्यहाँका एकजना विशिष्ट व्यक्तिले व्याङ्क्ट हलमा उद्घोष गरे-'डच राजपरिवारमा अहिले भर्खरै राजकुमारी बेट्रिक्सबाट युवराज पैदा भएको खबर छ एकसय चालीस वर्षपछि दरवारमा बालक पैदा भएको सुखद समाचार सुनाउन पाउँदा हामी हर्षित छौं।' ती बालक थिए-विलियम अलेक्जन्डर। चारदिने राजकीय भ्रमणमा राजासँगै गएका साहित्यकार भीमनिधि तिवारीलाई महेन्द्रबाट संकेत गर्नेबित्तिकै अर्को कोठामा गएर तिवारीले कविता लेखे। डच भाषा जान्नेले तुरुन्त अनुवाद गरे। नेपाली र डच भाषामा हलमा कविता गुञ्जियो। 'कविता कूटनीति' नवीन प्रयोग थियो। भोलिपल्ट पत्रपत्रिकाले लेखे-'नेपालका राजा महेन्द्रले हाम्रो राष्ट्रमा पाइला टेक्दा चमत्कार भयो।' कुनैबेला कहाँ कसरी प्रस्तुत हुनुपर्छ भन्ने कला जानेका महेन्द्र कविमात्र थिएनन्, गायक र संगीतकार पनि थिए।

खेलाडी थिए। साहित्य, कला, संगीतलगायत राष्ट्रनिर्माणका यावत् क्षेत्रमा योगदान गर्नेहरू राजा महेन्द्रका प्रिय थिए। उनी राष्ट्रियताका पक्षमा निर्भीक भएर उभिन सक्ने राजा थिए। एकपल्ट युरोपबाट स्वदेश फर्किने क्रममा राजा महेन्द्र दिल्लीमा चार दिन बस्ने कार्यक्रम बन्यो। भारतस्थित नेपाली राजदूतावास भवनमा बस्ने र भारतीयहरूलाई त्यहीं भेट्ने कार्यक्रम निश्चित भयो। राष्ट्रपति भीभीगिरी राजा महेन्द्रलाई भेट्न बाह्रखम्बा रोडस्थित दूतावास भवनमै पुगे। महेन्द्रको व्यक्तित्वबाट प्रभावित गिरी शाकाहारी हुन् भन्ने सूचना पाएका महेन्द्रले सबैलाई शाकाहारी खाना खुवाउने निर्णय गरे। राष्ट्रपति गिरीलाई मन पर्ने विभिन्न परिकार तयार गरियो।

ह्ल्यान्डको 'कविता कूटनीति' जस्तै दिल्लीमा 'व्यञ्जन कूटनीति' सफल भयो। भारतीय राष्ट्रपतिलाई महेन्द्रले भनेछन्–'तपाईंमात्र होइन, तपाईंका पुर्खा सबै शाकाहारी रहेछन्। त्यसैले तपाईं र तपाईंका सहयोगी सबैलाई रुचि हुने भोजन तयार गरिएको छ। राष्ट्रपति गिरी प्रसन्न भए। मानिसले अरूको सम्मान गरेपछि स्वतः सम्मान पाउँछ। संसार घुम्दा राजा महेन्द्रले तत्तत् राष्ट्रको कला, साहित्य, परम्परा, धर्म, संस्कृति अध्ययन गरेर जाने र उपहार दिँदा कसलाई के दिने भन्ने हेक्का राख्ने गरेको महेन्द्रका नजिक बसेर काम गरेका भीमबहादुर पाँडे, यदुनाथ खनाल, खड्गमानसिंह बस्न्यात आदिले उल्लेख गरेका छन्। दिल्ली भ्रमणमा त्यहाँका तत्कालीन पर्यटनमन्त्री करण सिंहले आफ्नो निवासमा रात्रिभोजका लागि महेन्द्रलाई निम्तो गरेछन्। श्री ३ मोहनशमशेरकी नातिनी (शारदाशमशेरकी छोरी) विवाह गरेका डा. कर्ण सिंहले रात्रिभोज सुरु हुनुअघि 'शान्तकारं भुजनशयनम' लगायत तीन चारवटा भजन गाएछन्। राजा महेन्द्रले सिद्धहस्त कलाकारले झैं तबला बजाउँदा धेरैजना चकित भएको सरदार भीमबहादुर पाँडेले लेखेका छन्। महेन्द्रको 'समाजशास्त्र' अनौठो थियो। हजारौं बिघा जमिन जमिनदारहरूबाट खोसेर भूमिहीन किसानलाई बाँडे उनले।

त्यो एक किसिमको ठूलो क्रान्ति (परिवर्तन) थियो। भन्नु परोइन, क्रान्ति भनेको उत्तउलो कर्म र निरर्थक भाषण होइन, युग बदल्ने 'एक्सन' हो। मेल जिप्सन, टम क्रुज, ज्याकी चान, एन्जेलिना जोली, सिन कोन्री, ह्यारीसन फोर्डलगायतका हलिउडका एक्टरहरू हुन् वा बलिउडका कलाकारहरू, उनीहरूको प्रसिद्धि सधैं रहँदैन। राष्ट्रका लाखौं जनताको उत्थानमा समर्पित नायक हुन राष्ट्रनायक, उनीहरूलाई युगौंसम्म सम्झना गरिन्छ। त्यस्ता महानायकको सत्कर्मको अन्तर्य नबुझेर कतिपय अज्ञानीले अवमूल्यन गर्छन्। त्यो मानसिक दरिद्रता हो।

जर्ज अर्वेलले व्यंग्य गरेका छन्- 'धनीसँग ज्ञान, सभ्यता, शिष्टाचार, सदाचार केही नभए पनि हुन्छ किनभने ऊसँग धन छ ऊ त्यसै पनि धनी छ' कतिपय राजनीतिकर्मीहरू आफू हिँडेको बाटोमात्र सत्य र बाँकी मिथ्या ठान्छन्। यो मानसिक दरिद्रता हो। इतिहासप्रति पूर्वाग्रही कतिपय मानिस आफूलाई अभिरुचि वा अरूचि भएका कुराहरू केम्राकेम्रा छानेर इतिहासको अपव्याख्या गर्छन्। यो दृष्टिदोष, विद्वेष, विभ्रम र दुराग्रहबाट धेरै 'नेपाली बुद्धिजीवी' ग्रस्त छन्।

माया सभ्यतामा टर्की नामको चरा देवदूत मानिन्थ्यो। धन्यवाद ज्ञापन दिवस (थ्याङ्क्स गिभिङ डे) मा पछि त्यो अनिवार्य आहारा बन्यो। चित्रकला (फाइन आर्ट) निम्ति सर्वोत्कृष्ट पदक दिन्थ्यो, कुनैबेला ओलम्पिक पदक। सन् १९१२ देखि १९४८ सम्म चल्यो, त्यो परम्परा। आज डेमोक्रेसीको तीर्थ मानिने अमेरिकामा महिलाले सन् १९०८ सम्म सार्वजनिक ठाउँमा चुरोट खान पाउँदैनथे। कानुन मिचेमा पाँच डलर जरिवाना हुन्थ्यो। त्योबेला नेपालमा गोरखापत्र प्रकाशन भएको सात वर्ष भइसकेको थियो। त्यस पत्रिकालाई श्री ३ देवशमशेरले दिएको लिखित आदेश (सनद) मा कुनै महिलाले चितुवा मारेको खबर आएमा निःशुल्क छापिदिनू भनेका छन्।

अर्थात, घाँसपात लिन जंगलतिर गएका कतिपय महिलालाई चितुवाले आक्रमण गरेमा उनीहरू 'फाइट' खेल्थे चितुवासँग। त्यसका लागि दल, समूह, जुलुस, आरक्षण चाहिएन। चितुवा मारेर घाँसको भारीमाथि बोकेर ल्याएको कथा गाउँघरका कतिपय वृद्ध आमाहरू सुनाउँछन्। सहरबजारमा काँटा चम्चाले खानेलाई 'सभ्य' मानिन्छ। आठौं शताब्दीतिर टर्कीमा भेटिएको 'काँटा' सुरुमा असभ्यले प्रयोग गरे। जंगलमा जनावर पोलेर खान त्रिशूल आकारका ठुल्ठूला काँटा बनाइएको थियो। राजदरवार, चर्च र सभ्य मान्छेहरूले काँटा त जंगलीको नक्कली हात हो भने। 'परिवर्तन' यसरी फैलियो, काँटाले खान नजान्नेलाई पो असभ्य भन्न थाले।

इजिप्टकी महारानी क्लियोपेट्रा (कतिपय इतिहासकारले महिला राजा अर्थात फिमेल किङ) त्यो राष्ट्रकी होइनन्। उनी ग्रिक हुन भनेका छन्, इतिहासकार हरूले। उनी अलेक्जान्डर द ग्रेटकी वंशज हुन्। इतिहासमा उनको छुट्टै स्थान छ। रोमन राजनीतिको महानायक भइन् उनी। अठोट, साहस, शैली र स्वाभिमानका कारण क्रूर शासकहरू पनि डराउँथे उनीसँग। मनोवैज्ञानिक परिवर्तन ल्याएर एकैपल्ट युग हाँक्न सक्ने वीराङ्गना थिइन् उनी। परिवर्तन स्वैरकल्पना होइन। तसर्थ युग बदल्न खोज्नेहरू पहिले आफू बदलिनुपर्छ। पावरको टावरबाट हेर्दा सबैलाई होचो देख्छ शासकले। जनतासँगै सोच्ने, काम गर्ने र हिँड्ने मार्गदर्शन पाएनन् नेपालीले। त्यसैले उनै प्रभावहीन मुहारहरूमात्र बदलिए सिंहदरवारमा। जो आफैं भ्रान्त पथिक छन्, उनीहरूले कसरी बाटो देखाउँलान?

पौराणिककालमा देवतीर्थ भनिने आजको देवघाट (चितवन) र राजा भरतले तपस्या गरेको बागलुङ पर्वत क्षेत्र हुँदै तराई पुग्ने कालीगण्डकीको जल नै तीर्थ मानिन्छ। पवित्र भएकै कारणले मात्र होइन, धेरै पौराणिक तथ्यले पनि कालीगण्डकी नेपालको सर्वाधिक पवित्र मानिएको हो। जयापीड नामका काश्मीरी राजा र उनको सशक्त फौजले धुलो चाट्यो, कालीगण्डकीमा कालीगण्डकी क्षेत्रका राजा अरमुडीबाट काश्मीरी सेना परास्त हुनुपरेको कुरा काश्मीरी विद्वान् कल्हणले राजतरंगिणी ग्रन्थमा लेखे। अरमुडीको साहस, न्याय र परोपकारको भावना खोटरहित थियो। जन्मभूमिको रक्षा गर्नुपर्छ भनेर अहोरात्र माटो र जनताको चिन्ता गर्थे उनी। जनताले खाएपछि मात्र आफूले भोजन गर्ने कान्तिपुरका राजा महेन्द्र मल्लले त उर्दी लगाए- 'तिमीहरूले बेलुका बेलैमा खानू। तिमीहरूले अबेर गर्दा मेरो पेटमा बतास भरिन्छ।' अहिले उल्टो छ। राजनीतिलाई पेसा बनाएर परिवर्तन ल्याउँछु भन्नेहरू पहिले आफू खान्छन्। केही सीमित व्यक्ति अकुत सम्पत्तिको मालिक भए। यसलाई हामी परिवर्तन भनिरहेका छौं। २०१९/२० सालसम्म नेपाल जस्तै दरिद्र थिए, मलेसिया र दक्षिण कोरियालगायतका राष्ट्र। उनीहरू साँच्चैका लिडर र निडरको संरक्षणमा सुप्रबल भए। हामी विदेशीका डिलरको फेला पर्यौं।

नागरिक दैनिकबाट साभार।

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमूलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# सार्वजनिक यातायातमा स्वास्थ्य मापदण्ड र नेताको आइसोलेसन ?



डा. प्रकाश बुढाथोकी

एमाले अध्यक्ष तथा प्रमुख प्रतिपक्षी दलका नेता तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली कोरोना संक्रमित भएको चौथो दिनमै सार्वजनिक कार्यक्रममा सहभागी भएपछि चर्चाको शिखरमा छन् । माघ ९ मा संक्रमण पुष्टि भएका उनी माघ १२ गते एमालेको भ्रातृ संगठन राष्ट्रिय युवा संघले ओलीको बालकोट निवासनजिकै भक्तपुरमा आयोजना गरेको रक्तदान कार्यक्रममा ऊर्जा प्रदान गर्न र सप्ताहव्यापी रक्तदान कार्यक्रममा ऐक्यबद्धता जनाउन प्रमुख अतिथिका रूपमा पुगेका थिए । कार्यक्रममा सांसद गोकुल बास्कोटा, महेश बस्नेत, किरण पौडेललगायत दर्जनौं नेता तथा कार्यकर्ता थिए ।

उपत्यकामा कोरोना संक्रमण अत्यधिक भएपछि स्थानीय प्रशासनले माघ ८ गतेदेखि सवारीसाधनमा जोरबिजोर प्रणाली लागू गरेको थियो । निजी र सार्वजनिक सवारी कम चल्दा सडक खुकुलो भएको छ । सार्वजनिक सवारीसाधनमा भने भिडैभिड छ। एक साता नपुग्दै आधा सवारीसाधन चल्दा भिडभाड झनै बढाएको र अव्यावहारिक भन्दै व्यापक जनगुनासो आइरहेका छन् । स्कुल कलेज मात्र बन्द छन्, अन्य सबै कार्यालय खुला नै छन्, मानिसको हिँडडुलमा कमी छैन । सवारीसाधनमा भीड बढ्दा कोरोनाको जोखिम झनै बढ्यो । गाडी नभई मानिसको भीडले कोरोनाको जोखिम बढाउने हो किन गाडीमा जोरबिजोर भन्ने प्रश्न पनि त्यत्तिकै छ ।

**यात्रुलाई सास्ती**

सामान्य अवस्थामा उपत्यकामा दैनिक २० हजार सार्वजनिक सवारीसाधन ४ लाखपटक गुड्छन् । सामान्य अवस्थामै पनि सबै सवारीसाधन गुडदा बिहान कार्यालय जाने र बेलुका फर्कने बेला सवारीसाधनमा ठेलमठेल हुन्छ । बालबालिका, वृद्धवृद्धा, गर्भवती, सुत्केरी, बिरामी तथा शारीरिक रूपमा फरक क्षमता भएकालाई चढ्न र झर्न समस्या ने हुने गर्छ । तर, ७ माघदेखि लागू जोरबिजोर प्रणालीले सडकमा सार्वजनिक यातायात आधै घटेका छन र बढीमा १० हजार छन् । यात्रुको संख्यामा खासै कमी नआएकाले दैनिक ४ लाख यात्रु कोचिएर यात्रा गर्न बाध्य भए र जोरबिजोरले भौतिक दूरी कायम गर्ने, भीडभाड नगर्ने सरकारको नियमको धज्जी उडाउँदै कोभिडको जोखिम बढायो ।

उपत्यकामा करिब १० हजार ट्याक्सी, ६ हजार टेम्पो र माइक्रो र ४ हजार बस, मिनीबस सञ्चालनमा रहेको विश्वास छ । सवारीसाधन कम भएपछि यात्रु घरबाट कम निक्लने र यात्रा गर्ने संख्या कम हुने प्रशासनको तर्क थियो । तर, व्यवसाय सरकारी तथा निजी कार्यालय बन्द भए पो यात्रु कम हुनु । भौतिक दूरी त परको कुरा उभिएर यात्रा गर्न पनि गाह्रो भयो र छ । सरकार जनस्वास्थ्य मापदण्ड पालनामा निरन्तर सावधानी र निगरानीमा जोड दिइरहेको छ । तथापि बस मालिक यात्रु चढाउन र यात्रुहरू बस चढ्न पाउने ध्याउन्नमा छन् । सार्वजनिक यातायातमा खुट्टा टेक्ने ठाउँ छैन । भीड थामिनसक्नु छ । खोप लगाएकामा निर्धक्क छन्, कानमा तथा चिउँडोमा मास्क छ ।

**सार्वजनिक यातायात**

यात्रुलाई दुःख, झन्झट र हैरानी दिने नै नेपाल यातायातको पर्याय बनेको छ। यातायात साधनमा ज्यान जोखिम, अकाल मृत्यु, अपांगता एकातिर छ भने अर्कातर्फ यसबाट स्वास्थ्यमा पार्ने अनेकन समस्या कहालीलाग्दो रूपमा छ । क्षमताभन्दा बढी यात्रु राख्ने, सेवा प्रदान गर्न नसक्ने गाडीहरूको प्रयोग भइराख्नु, साधन चल्न अनपयुक्त बाटोमा गाडी चलाउनु, हावा प्रवेशको सुविधासमेत नभएका गाडीको प्रयोग हुनु, चल्न सक्ने क्षमता निर्धारणबिनै चल्नु, सिन्डिकेटले गर्दा यात्रुलाई छनोटको अधिकार नहुनु, प्रतिस्पर्धा कानुनको उपहास गर्नु, सामान र यात्रुलाई एउटै साधनमा राख्नु समस्या हुन् ।

यसैगरी, यातायात व्यवसायीको सामाजिक उत्तरदायित्व, मानवीय व्यवहार नहुनु, गाडीका छतमा यात्रु, पुराना गाडीको प्रयोग, समययपद्धतिको अनुसरण नगर्नु, ट्राफिक प्रहरीलाई सहयोगी नभई शत्रुका रूपमा लिनु, मापसे गरी सवारी चलाउनु, सिट नभए पनि उभिन बाध्य पार्ने, सीमित नाम मात्रका सिट राख्ने, पछाडि फर्केर अस्वस्थकर सिट राख्ने र बस्न बाध्य बनाउने, दिसापिसाब गर्न नपाउने ठाउँमा खाना र नास्ताका लागि सवारीसाधन रोक्ने, अनावश्यक प्रतिस्पर्धा र उछिन्ने कार्यले यात्रुको स्वास्थ्यमा नकारात्मक असर पार्छ । प्रहरीको आँखा छलेर मापदण्ड नमान्ने टनाटन यात्रु कोच्ने यातायात सञ्चालक तथा जसरी पनि पुग्नु छ भनेर कोचाकोच गरेर चढ्ने यात्रु दुवैले आफ्ना बानी सुधार्नपर्छ ।

**स्वास्थ्य हेलचेक्र्याइँ**

हरेक दिन बस सञ्चालनअघिको पूर्वसर्त बसभित्र सेनिटाइजर राख्ने, यात्रुबीच स्वास्थ्य मापदण्ड, भाडा लिनेदिनेबेला दूरी कायम, मास्क प्रयोग, फुटकर तयार तथा नगद कम प्रयोग, मास्कबिना यात्रुको यात्रा नगराउने, अनुगमन गरी कारबाहीको दायरामा ल्याउने नियम कागतमै सीमित भएका छन् । सहचालक जोरसँग नकराउने, धेरै समाउने ह्यान्डल, चुकुल, डन्डी पटकपटक सेनिटाइज गर्ने, भाषण, गीत गाउने नारा लगाउने काममा संलग्न नहुने, जुठो नखाने, अकंमाल नगर्ने, गुम्म परेको कोठामा नबस्ने, कुनै पनि सतह, शंकास्पद ठाउँ, शौचालय, भ्याङका डन्डी, टेबल, सोफा नछुने, यदि छोइहाले आँखा, नाक र मुख नछुने र हात धुनेजस्ता नियम पालना गर्ने गर्नुपर्छ । पैसामा थुक लगाएर नगन्ने, फुटकर मिलाएर भाडा यात्रुले दिनेलगायत स्वास्थ्य पूर्वसावधानी छन् । यातायात व्यवस्था विभागले कोभिड-१९ संक्रमण रोकथामका लागि छोटो, मध्यम र लामो दूरीका सार्वजनिक सवारीसाधनमा चालक, सहचालक र यात्रुले मास्कसँगै फेस सिल्ड वा भाइजरको प्रयोग अनिवार्य गरेको छ । विशेषतः रात्रिबसमा झ्यालढोका बन्द गर्ने, हावा ओहरदोहर नहुने, एसी चलाउने, मास्क नलगाएर सुत्नेले थप संक्रमणको सम्भावना बढाउँछ । त्यसैमा माइक्रोबसलगायतका साना गाडीमा लामो यात्रा झन जोखिमपूर्ण रहन्छ । एक जनाले रात्रिबसमा भएका ९० प्रतिशतसम्म व्यक्तिमा कोभिड सार्न सक्छ। 'अबगकभ, १५ मिनेटभन्दा बढी घण्टौंको निकटता, झ्यालढोका थुनिएको, एसी सञ्चालन आदिले संक्रमण बढाउने हो। त्यसै पनि यातायात स्वास्थ्यका महत्वपूर्ण आयाममा एक जनाको स्वास्थ्यका कारणले अर्काको स्वास्थ्यमा प्रभाव पार्न नहुने, यातायात साधनका कारणले मानव स्वास्थ्यमा प्रभाव पार्न नहुने, यात्रा स्वस्थ हुनपर्ने, विशेष अवस्थामा रहेकाका लागि उपयुक्त सवारी व्यवस्था हुनु, सामान्य दुर्घटना भएका अवस्थामा प्राथमिक उपचारको उपलब्धताको व्यवस्था पर्छन् । हरेक नागरिकले मानव स्वास्थ्यमैत्री यातायातका साधन प्रयोग गर्ने चाहना हुनु स्वाभाविक मात्र नभई उनीहरूको अधिकार पनि हो । यात्राका लागि तिरेको रकम कुनै ठाउँमा पुग्न मात्र नभएर स्वास्थ्य संरक्षणका लागि पनि हो । यातायात स्वास्थ्यमा यात्रुको शारीरिक, मानसिक, सामाजिक, वातावरणीय, व्यावसायिक एवं आर्थिक आयामसमेत रहन जान्छ ।

यावत् तथ्यलाई आत्मसात् गर्दै २०७८ माघ १४ गते सीसीएमसीसीले झन् भीडभाड भएर कोरोना संक्रमणको जोखिम बढेपछि सार्वजनिक यातायात ट्याक्सीबाहेकमा जोरबिजोर प्रणाली हटाउन सरकारलाई सिफारिस गरेपछि उपत्यकाका तीनवटै जिल्ला प्रशासन कार्यालयले माघ १४ गते शुक्रवार बेलुका संयुक्त बैठक गरी सार्वजनिक बस, माइक्रो बस र टेम्पोमा जोरबिजोर प्रणाली हटाएका छन् । तर, सार्वजनिक ट्याक्सी र निजी सवारीसाधन कार, मोटरसाइकल, स्कुटरलगायतमा भने जोरबिजोर प्रणाली यथावत् राखेका छन् ।

**अगुवा नै बाटो**

निवर्तमान प्रधानमन्त्री ओलीका विषयमा भक्तपुरकी प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले कार्यक्रम र सहभागीता'दयगत थाहा नभएको बताउँछिन्। शंकास्पद लक्षण देखिए अनिवार्य पाँच दिन क्वारेन्टिन बस्न र पाँच दिनपछि कोभिड-१९ को परीक्षण गरी रिपोर्ट नेगेटिभ भए काममा आऊन् र पाजेटिभ भए सात दिन आइसोलेसनमा बस्न, कुनै पनि प्रकारका आमसभा, जुलुस, सभा, भेला र मेलालगायतका गतिविधि गर्न रोक सरकार तथा जिल्ला प्रशासन कार्यालयको आदेशमा छ । संक्रमण पुष्टिपछि आइसोलेसनमा बस्नु हामी सबैको जिम्मेवारी हो ।

पालना नगर्नु बहादुरी होइन, गैरजिम्मेवारीको पराकाष्ठा र अन्यको जीवनप्रति गम्भीर खेलबाडसमेत हो । २०७४ साल भदौमा संसद्‌बाट पारित तथा २०७५ बाट कार्यान्वयनमा आएको अपराधसंहिताको दफा १०६ मा सरकारी निकायले सरुवा रोगका सम्बन्धमा जारी गरेको आदेश वा नियम उल्लघंन गरेमा ६ महिनासम्म कैद वा ५ हजार रुपैयासम्म जरिमाना वा दुवै सजाय हुन सक्ने उल्लेख छ। यदि आदेश उल्लंघन गरेका कारण कसैको ज्यान गएमा ऐनको दफा १०४ अनुसार नियतपूर्वक कसुर गर्नेलाई अधिकतम १० वर्षसम्म कैद तथा १ लाख रुपैयाँ जरिमाना र हेलचेक्र्याइँपूर्वक गरेको भए तीन वर्ष कैद तथा ३० हजार जरिमाना गर्न सकिन्छ। तर, के त्यो सजाय उनलाई होला त ? त्यसो त एमाले अध्यक्ष ओली कोभिड-१९ का 'दयगतमा पटकपटक विवाद र चर्को आलोचनामा पर्दै आएका छन् । *राजधानी दैनिकबाट साभार ।*

# गरिबको त्यो दशैं : सत्य घटना



गिर बहादुर के.सी.

दसैंको रमाइलो खुसीयाली सबैको घर आगनीमा भित्री सकेको थियो। फरक यती मात्र थियो कि म जस्ता गरिबको घरमा बाहीरी खुसी थियो भने भित्री मनमा यो दसै कसरी टार्ने भन्ने चिन्ता। धनी साहुका घरमा दसैमा नयाँ कस्ता लुगा लगाउने, कस्ता परिकार बनाउने भन्ने सल्लाह हुन्थ्यो। दसैको लागि खसी कहाँ खोज्ने र जतिसक्दो ठूलो किनेर गाउलेलाइ देखाउनु पर्छ भन्ने कुराको पिर थियो होला । दसै पर्खदै गर्दा हरेक मान्छेहरुलाइ कामको भ्याइ नभ्याइ थियो । कसैका खेतमा धान पाकेर लहबरी भएका थिए । कसैलाइ घरका भित्ताहरु रङ्गाउन लहबरी थियो । कसैलाइ खसीबोका खोज्न समय थिएन । म जस्ता केही साथी गाउँमा बरालिएर डुल्दै जाड खादैमा हीड्ने फुर्सद थियन । जे जसो गरेर भएपनी सबैले आ-आफ्नो घरमा रमाइलोको साथमा दसै मनाउदै थिए । पल्लो गाउको छेउ नीर एउटा म जस्तै गरीबको घर थियो । त्यो घरमा एउटी बृद्ध महीला करीब ७० वर्षकी अनि उहाका श्रीमान करीब ७६ वर्षका हुनुहुन्थ्यो होला । त्यो घरकी ती बृद्ध महिला सारै बिरामी परेर थला पर्नु भएको रहीछ । मेरो झोपडी भन्दा केही समयको बाटोमा अर्थात पल्लो गाउमा उहाको सानो खरको छानो भएको घर थियो। उहाका छीमेकी हरुले सायद थाहा पाएका थिए होला बिरामी परेर थला परेको तर दसैको लटामरमा कसैले वास्ता गरेन होला। आखिर म जस्ता गरीवको कस्ले पो वास्ता गर्थ्यो होलार ! उहाका दुई छोरहरु पनि थिय तर उनीहरु घरमा थिएनन कामको शिलसिलामा भारत गएका थिए । एउटा छोराको बिबाह पनि भएको थियो तर के गर्नु गरीबीको पीडा बुहारीले आफ्नो मनको गहना कपडा लगाउन नपाएपछी सासू ससुरा सङ्ग झगडा गरेर माइतमा बसेकी रहिछन । बिचरा बुढेस कालका साहारा केबल एउटा ७६ वर्षका श्रीमानले केनै गर्न सक्थे र । धन पैसा टन्न भएको भए मान्छे लगाएर भएपनी हस्पिटल पुऱ्याउँदा हुन अनि छीमेकीहरुले पनि साथ दिन्थेहोला तर केगर्नु गरीवीको पीडा कस्ले बुझ्दो रहीछर सायद खाने खर्च सम्म नभएर कुनै दीन भोको पो बस्नु परेको थियो कि ? (धनी साहुको कुरा झुटो भएपनी न्याए कानुनले साचो गराइ दिन्छ । हामी जस्ता गरीबका कुराहरु सत्य नै भएपनी झुट साबित हुन्छ । विजया दशमीको अन्तिम दीन तथा टीकाको दीन सबैको घर घरमा टीका जमरा लगाउदै खुसीको साथ मान्यजन तथा आफन्त नातेदारहरुको घर घरमा पुगेर टीका जमरा लगाउदै आशीर्वाद आदान प्रदान गर्दै थीए । उता साना साना नानी बाबूहरु पनी खुसी हुँदै रमाउदै ग्रुप ग्रुप बनेर टीका लगाउदै गाउँ भरी डुल्दै थिय । बीधीको बिड्म्बना आयो काल टप्प टीप्यो लगेर गयो, नत दसै, नत तीहार, नत सानो, नत ठूलो, एक दीन हामी सबैले यो संसार छोडेर जानै पर्ने हो । बीचरा ती बिरामी परेकी बृद्ध महिला पनि त्यो बूढो श्रीमानलाइ एक्लै पारेर यो सन्सार छोडेर सदाको लागि बीदाबारी हुन पुगुभयो । उता दसैको टीका त्यसमाथी पनि एउटा गरीब परीवारमा मृत्यु भएको कस्लाइ वास्ता हुन्थ्यो होला र । बिचरा बुढा श्रीमान बोल्न पनि नसक्ने भएका रहीछन, श्रीमतीको मृत्युको कारणले गर्दा । समाज अनि सन्सारमा सबै स्वार्थी हुन्छन भन्नू पनि होइन कोही असल र सहयोगी पनि हुन्छन तर थोरै मात्रमा । त्यहीँ गाउबाट बिवाह भएर पल्ला गाउँ गएकी एक युवती अनि उनका श्रीमान टीका थाप्न भनेर ससुराल आउदै रहेछन अनि ती युबतीले त्यो झोपडीको ढोका खुल्लै देखेपछी नाता लगाएर बोलाइछन । तर कोही पनि नबोलेपछी उनको मनमा के लाग्यो खै बाटोबाट झरेर बोलाउदै भित्र पस्दा त बिचरा ती बृद्ध ब्यक्ती आफ्नी मृत्यु भएकी श्रीमतीको छेउमा बसेर रोइरहेको देखीछन । अनि हतार हतार बाहिर आएर आफ्नो श्रीमानलाइ बोलाइछन अनि श्रीमान पनि भित्र पसेर हेर्दा त बिचल्ली थियो । अब उनीहरु दुबै जनाको आँखा पनि रसाए होलान सायद । अनि ती युबक आफू त्यही बसेर आफ्नी श्रीमतीलाइ गाउमा खबर गर्न लगाएछन । केही पर पुगेपछी बाक्लो गाउँ थियो ती युवती त्यहाँ पुगेर खबर गर्दै फर्केर आइन । केही समय पछी गाउमा हल्ला भएछ मलाइ पनि मेरो जाड खाने पार्टनरले खबर गर्यो अनि केही छीनमा मपनी पुगे अलिकती मान्छे जम्मा भएका रहेछन । बिधीको बीधान अनुसार दुई जना मान्छेलाइ पसलमा कात्रो किन्न पठायौ पसल अलि टाढा भएको हुनाले केही समय लाग्यो । यता उता गर्दा झन्डै बेलुकाको तीन बजी सकेको थियो। केही बेरमा २५/३० जना मान्छेले घाट तर्फ लगेर गयौ । घाटमा पुऱ्याएपछी जसो तसो दाउरा खोजेर चिता बनाउदा साझको ६ बजीसकेको थियो । अब छीटो छीटो गरेर लास जलाउने तर्फ लाग्यौ । समय बित्दै जादा रातीको ११ बजिसकेको थियो। अब बिधीको बिधान अनुसार काज क्रिया कस्ले गर्ने छलफल गर्दै उनका नजिकका सन्तानलाइ बल्ल तल्ल मनायौ । अनि कपाल खुर्केर घर लिएर आयौ घरमा जसो तसो गरि मेसो मिलाउदा लगभग उज्यालो भयो । बीचरा ती बुढा बुढीले पनि आफ्ना सन्तान भोका नाङ्गा होलान भनेर आफ्नो तागतले सक्दा सम्म आफ्नो अर्काको काम गरेर भएपनी आफ्ना सन्तान भोको नाङ्गोबाट बचाएर हुर्काएका होलान नी । आखीर आफ्ना सन्तान हुदा हुँदै पनि अर्को मान्छे खोजेर काज क्रीया गर्नु पर्ने भयो । केही दीनपछी छोराहरु पनी आइपुगे र आफ्नो नियम अनुसार आमाको काज क्रिया गरे । तर त्यो लगन पछीको पोतेको के काम भने जस्तै भयो । के गर्नु यो गरीबीले गर्दा कतीपय सन्तान हरुले आफ्नै जन्म अनि कर्म दीने बाबा आमाको जिउदो मुख सम्म पनि हेर्न पाउदैनन कतिपय सन्तानहरुले बाबा आमा साथमै भएपनी बृद्ध भएपछी उनीहरुको वास्ता गर्दैनन । कतीपय सन्तानहरुले आफ्नो बाल्यकालमा आमा बाबा गुमाउनु पर्छ । आखीर के रहीछ त हामी मानव जातीको जिन्दगी ? फेरि किन यती धेरै स्वार्थी बनेका छौ हामी ? कस्को लागि ? केको लागि?

## कविता

# देशको व्यथा



लक्ष्मी मगर "संघर्ष"
नौबहिनी गा.पा. ५, डामृ

राजनीतिक दलले गर्दा नेपाल भो खोक्रो
ऐतिहासिक धरहरा सबै हुँदै गयो थोत्रो
हाम्रो देशका जनताले नजान्दा नि काईदा
अर्कै देशले उठाएछ सोझोपनको फाईदा

आन्दोलन सकियो, आयो भन्थे गणतन्त्र
नीति नियम सबै भयो ब्राह्मणको मन्त्र
केहि गर्ला सोच्थ्यौं भए सबै एकै साथ
नेताज्यूलाई त लागेछ नि पैसोको मात

जलस्रोतको धनि देशमा पाईदैन पानी
भएर मात्र नि के गर्नु सबै थोकको खानि
सत्तामा बस्ने नै पैसामा बिक्न थालेपछि
कसको के लाग्छ र गधालाई पालेपछि

सत्ताभित्र जुन गए त पनि हुदैन भो पार
जनताले मात्रै खेप्नुपर्ने शोषितको मार
राजनितीमा छिर्दा रैछन सबै उस्तै खाले
देश बनाउनु सातो अंशबन्दा गर्न थाले

कुम्लाउने गर्छन सबै श्रोतहरु भएजति
राजनीतिकै कारण बिग्र्यो देशको गति


राजा हुदा हामिलाई त शान्ति थियो बरु
हुदैन थियो हिंसा अन्याय अत्याचारहरु
अपराधिहरु पनि पैसा दिदै छुट्ने गर्छन
अन्यायमा पर्नेहरु आशै आशमा मर्छन

खानमात्रै खोज्ने तिनै छैन कुनै कामधन्दा
बिग्रदै गाछ हाम्रो नेपाल झनै हिजो भन्दा
यस्तो अन्याय अत्याँचार गर्छौ कतिन्जेल
रोक अब अती भो आफ्नै देशमाथि खेल

चुनाव आउदा घरमा आउछन सबै धोग्न
थाहा पाउथे होला अरुझै पर्ने भए भोग्न
बेच्न ठालिसके कर्णाली राप्ती अनि भेरि
लुक्न ठाल्छनजनतालाई दुःख पर्दा खेरि

कुनै बेला ज्यान गुमाउने नेपालका वीर
ऐले आएर युवाञ्जति खाडि मुलुक तिर
सिङ्गो नेपाल टुक्रा भयो राजनीतिले गर्दा
मलामी नि पाईन छाड्यो यहाँ मान्छे मर्दा

# गजल



लोकेन्द्र जि.सी.
गौमुखी ७, नारीकोट
हाल गौमुखी मा.वि. ठूलावेसी

चर्‍याउँदैछ उहि घाउको, खाटो बिर्सियौ।
स्वाधिनता र आफ्नो धर्ती, माटो बिर्सियौ।
फर्किएर हेर पाइला, चुहिदैछ रगत,
सडकमै छ मेरो रगत, टाटो बिर्सियौ ।

दुनियाँलाई मरायौ, आफू बस्यौ महलमा,
सहिदले देखाएको, बाटो बिर्सियौ ।
जनता सत्ता एक सिक्काका, दुई पाटा भन्थ्यौ,
कब्जा गर्यौ, एउटा पाटो, अर्को पाटो बिर्सियौ।

झुपडीले पुर्‍याथ्यो,महल माथी तिमीलाइ,
महल शीत झुपडीको, नातो बिर्सियौ ।

# पत्रकारिता राजनीति गर्ने माध्यम होइन



टु आर क्षेत्री

सत्य,तथ्य घट्नामा आधारित रहि सञ्चार माध्यमबाट आम नागरिकलाई जानकारी गराउनु पत्रकारिताको धर्म हो। चाहे त्यो २०६२/६३ को जनआन्दोल होस्, या २००७ सालको प्रजातन्त्र प्राप्ति यी सवै खाले परिवर्तनमा नेपाली पत्रकारिताले अग्रणी भूमिका खेल्दै आएको छ। तर,पछिल्लो समय भने पत्रकारिताले कमाएको विश्वास घट्दै गएको पाइन्छ। केहि निश्चित पत्रकार तथा मिडिया हाउस पत्रकारिताको नाममा दलगत वा निश्चित व्यक्ति वा संस्थाको अनुयायी भएर पत्रकारिता गर्दा पत्रकारिता प्रति जनताको विश्वसनियता घट्दै गएको छ। केही अनलाइनहरू, मिडिया हाउसहरु सबै पक्षका बारेमा जानकार हुन नसक्दा सहि सुचना संप्रेषण हुन सकेको छैनन् । राजनीतिको प्रभावबाट प्यूठानको पत्रकारितामा पनि अछुतो रहन सकेको छैन ।

जसको फलस्वरुप हरेक पत्रकार दलगत रुपमा विभाजित हुन पुगेका छन् । पत्रकारलाई राजनीति चेतना हुन आवश्यक छ । तर राजनीतिको नाममा दलका साँघुरा विचारबाट प्रभावित भएर दलगत प्रचार गर्नु गलत हो। पत्रकारहरु व्यक्तिगत लाभ प्राप्तिका लागि राजनितीमा लाग्ने गरेको एक साजिक अगुवा बताउँछन् । 'पत्रकार राजनीतीमा लाग्दा पत्रकारिता प्रति जनताको विश्वसनियता घटेको छ',उनले भने,'राजनितीमा लागेका पत्रकारहरुले स्वच्छ पत्रकारिता गर्न सक्दैनन्, जनताको आवाज बोल्न सक्दैनन् ।' प्यूठानमा सामान्य नागरिकले उठाएको विषय पनि सञ्चार माध्यममा नआउने गरेको उनको भनाई छ । प्यूठानमा भर्खरै तीन ठुला दल नेकपा एमाले, नेपाली कांग्रेस र नेकपा माओवादि केन्द्रको महाधिवेशन सम्पन्न भएको छ । जसमा प्यूठान पत्रकारको ठुलो सहभागिता रह्यो । प्यूठानका धेरै जसो पत्रकार दलगत प्रचारमा लागे भने केहिले लुकेर पनि प्रचार गरे । संसदको ठुलो दल नेकपा एमालेको जिल्ला अधिवेशनबाट जिल्ला कमिटी सदस्यमा आधा दर्जन पत्रकार निर्वाचित भएका छन् । यस्तै नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रको महाधिवेशनमा प्यूठानका केहि पत्रकारले पार्टीका नेतृत्व चुन्न मतदान समेत गरे । यी त केहि उदारण मात्र हुन् । २०७४ को स्थानीय तहको निर्वाचनमा प्यूठानका आधादर्जन पत्रकार चुनाव लडेका थिए । उनीहरुले पत्रकारिता छोडेनन् । पत्रकारहरु राजनीतीमा आउनु सकारात्मक कुरा हो। राजनीतिमा लागेर पत्रकारिता नछोड्दा पत्रकारिताको धर्म छोड्न हुँदैन ।

पत्रकार राजनीतिमा जान सजिलो र नागरिक माझ लोकप्रिय हुने भएकाले पत्रकारहरु राजनीतिमा लागेको प्रेस युनियन प्यूठानका अध्यक्ष श्रीराम भण्डारी बताउँछन् । 'पत्रकार राजनीतिमा लाग्नुलाई नराम्रो मान्न सकिदै तर पत्रकारले लेख्ने विषयवस्तु यथार्थ परक हुन जरुरी छ' उनले भने । सक्रिय राजनीतिमा रहिरहदा पत्रकारको समाचारमा जनताको विश्वास घट्ने अध्यक्ष भण्डारीको भनाइ छ । नेपाल पत्रकार महासंघले कुनै पनि राजनीतिक दलमा वसेर स्वतन्त्र र सन्तुलित पत्रकारिता नहुने भन्दै कुनै राजनीतिक दल वा भातृ संगठनको कुनै तहको विभाग वा समितिमा रहि काम गरिरहेको तथा कुनै राजनितिक दलको प्रतिनिधि वा उम्मेद्वार बनेको अवस्थामा उच्च नैतिकता देखाउन आग्रह गरेको छ। तर प्यूठानमा भने त्यो लागु भएको छैन। यहाँ राजनीतिक दलको उम्मेद्वारदेखि निर्वाचित हुँदासम्म पत्रकारले पत्रकारिता छोडेको पाइदैन। केन्द्रले यसवारे सर्कुलर गरेकोले आगामी बैठकमा छलफल गरिने नेपाल पत्रकार महासंघ जिल्ला शाखा प्यूठानका अध्यक्ष सञ्जय रिजालले बताउँछन् ।

नेपाल पत्रकार महासंघबाट सदस्यता लिएका र राजनितिमा लागेकाहरुबारे ठोस कदम चाल्ने अध्यक्ष रिजालले बताए । 'पार्टीको मुखपत्रको रुपमा पत्रकारिताको विकास भएता पनि पछिल्लो परिर्वतनले पार्टीका मुखपत्र अस्तित्व हराउदै गएका छन्' उनले भने ' अहिले जनताले दलको निकटको पत्रकार भन्दा स्वतन्त्र पत्रकार मन पराउछँन'। प्यूठानको पत्रकारितामा आएका विकृति, विसंगति तथा कमिकमजोरी बारे सार्वजनिक सुनूवाइ गर्नेबारे आगामी बैठकमा प्रस्ताव लग्ने उनको भनाई छ । सरकार बिनाको राज्यको कल्पना गर्न सकिन्छ तर पत्रकारिता बिनाको राज्यको कल्पना पनि सकिँदैन । त्यसैले पत्रकार तथा मिडिया हाउसको विकल्प खोज्नुको सट्टा थप जिम्मेवार वनाउन जरुरी छ ।


## रोचक/प्रेरक प्रसङ्ग

# शिक्षा सम्बन्धी दर्जन विद्वानहरुका प्रेरक भनाइ: जसले तपाईको जीवन बदल्न सक्छ

शिक्षा मानिसलाई बाटो देखाउने एउटा मार्ग हो । जीवन जीउने कला हो । कुनै विषयमा ज्ञान लिनु वा दिनुलाई पनि शिक्षा भनिन्छ । शिक्षा ग्रहण गर्नको लागि कुनै उमेर, जात, लिङ्ग, धर्म संस्कारले छेक्न सक्दैन । मानिसले कोक्रोदेखि चिहानसम्म शिक्षा हासिल गरिरहेको हुन्छ। पूर्णरुपले कसैले कहिले पनि शिक्षा ग्रहण गरेको हुदैन। शिक्षाकै कारण नै यो संसार छ। सायद शिक्षा नभएको भए यो संसार अन्धकार भित्र गुन्जिरहन्थ्यो होला ।

शिक्षाले नै मानिसलाई सत्मार्गमा लाग्न प्रेरित गर्छ। शिक्षा सिकाइ जीवनभर चलिरहन्छ। एउटा व्यक्तिदेखि लिएर समाज, समुदाय, राष्ट्रलाई पनि सुधार्नलाई शिक्षा आबश्यक छ।

एउटा असल व्यक्ति, असल परिवार, असल समाज, असल समुदाय र असल राष्ट्र बनाउनलाई शिक्षा आबश्यक हुन्छ। कतिपय विद्वानहरुको शिक्षासम्बन्धी विभिन्न भनाइहरुले जीन्दगीलाई सहि मार्गमा डोर्याउन सहयोग पुग्छ।




**पढौं प्रेरक भनाइहरू:**

१. शिक्षा यस्तो शक्तिशाली हतियार हो, जसको प्रयोगले संसार बदल्न सक्छौ ।
नेल्सन मन्डेला ।

२. शिक्षा भनेको भविष्यको लागि पासपोर्ट हो । आज राम्रो गर्नेहरुको नै भविष्य राम्रो हुन्छ ।
- माल्कोम एक्स।

३. सिकाई र शिक्षाको लागि रुचि बनाइराख्यौं भने, तिमीलाई अगाडी बढ्नको लागि कसैले रोक्न सक्दनैन ।
- एन्थोनी जे डिएञ्जेलो ।

४. शिक्षाको जरा तितो हुन्छ, तर, फल सबैभन्दा मिठो हुन्छ ।
- एरिसटोटल ।

५. शिक्षा जीवनको लागि तयारी होइन, शिक्षा स्वयम् जीवन हो ।
- जोन डिवे ।

६. मसँग त्यस्तो विशेष क्षमता केही पनि छैन । मात्र मा नयाँ कुरा जान्न र बुझ्नको लागि सधैं उत्सुक रहन्छु ।
- अल्वर्ट आइन्स्टाइन् ।

७. आफ्नो बच्चालाई आफूले सिकेको ज्ञान मात्र दिन नखोज । ऊ तिमीभन्दा फरक समयमा जन्मिएको छ ।
- रविन्द्रनाथ टैगोर ।

८. जो व्यक्तिले धेरै पढ्छ, तर, आफ्नो दिमाग भने थोरै मात्र प्रयोग गर्छ भने ऊ विचारको कुरामा अल्छी बन्छ ।
- अल्वर्ट आइन्स्टाइन ।

९. जसले विद्यालय खोल्छ, उसले जेलेको ढोका बन्द गर्न मद्धत गरिरहेको हुन्छ ।
- भिक्टर ह्युगो ।

१०. शिक्षा भनेको बाल्टिन भर्नु होइन । आगो सल्काउनु हो ।
- विलियम बटलर येट्स

११. असल शिक्षा , आत्मा सुन्दर बनाउने वास्तुकला हो ।
- विलियम वेनेट ।

# झिमरुक गाउँपालिका आफ्नै प्रशासनिक भवनमा

**झुलेनी पोष्ट**
**प्यूठान**

झिमरुक गाउँपालिका प्यूठानले आफ्नै प्रशासनिक भवनबाट सेवा दिन थालेको छ । गाउँपालिकाले वडा नं. ४ स्थित भ्यागुतेमा भवन बनाई बिहिवार समुद्घाटन गरेको छ । गाउँपालिकाले २२ कोठे २ तले भवन बनाएको हो । पालिका स्थापना भएपछि केहिँ समय भाडामा रहँदै आएको गाउँपालिकाले सभाहल निर्माण गरी त्यसैबाट सेवा दिदै आएको थियो । आफ्नै भवन निर्माणसँगै गाउँपालिकाको सेवाप्रवाहलाई थप प्रभावकारी बनाउन कार्यक्रममा सहभागीहरुले सुझाव दिएका छन् । नयाँ भवनबाट सेवा दिन थालिएपछि कार्यसम्पादनमा धेरै सहज हुने प्रमुख प्रशासकीय अधिकृत शुवास रिजालले जानकारी दिए । उनले सेवा प्रवाहमा व्यवस्थित कार्यालयले महत्वपूर्ण भूमिका खेल्ने समेत बताए । मुल्य अभिवृद्धि कर (भ्याट) सहित ७ करोड ६६ लाख २३ हजार ६ सय ४६ रुपैयाँ लागतमा रविना/आँशु/मल्लरानी जेभीले भवन



झिमरुक गाउँपालिका प्यूठानको आफ्नै प्रशासनिक भवन ।

निर्माण भएको हो । सम्झौता अवधिमै निर्माण व्यवसायीले काम सम्पन्न गरेका हुन् । भवन समुद्घाटनको अवसरमा गाउँपालिकाका पुर्व प्रमुख प्रशासकिय अधिकृत कमल प्रसाद भुसाल, भवन निर्माणको जिम्मा पाएको रविना/आँशु/मल्लरानी जेभीका सञ्चालक, गाउँपालिकामा कार्यरत सब इन्जिनियर नगेन्द्र आचार्य र आदेश जिसी लगायतलाई सम्मान गरीएको थियो । भवन निर्माणका लागि निःशुल्क जग्गा दिने २४ जना जग्गाधनीहरुलाई पनि गाउँपालिकाले सम्मान गरेको छ । गाउँपालिका सहित ८ वटा वडा रहेको पालिकामा हालसम्म वडा नं. १, ३, ४, ५ र ६ ले आफ्नै भवन बनाएर सेवा दिदै आएका छन् । झिमरुक गाउँपालिका बाहेक यसअँघि सरुमारानी गाउँपालिका र प्यूठान नगरपालिकाले आफ्नै भवनबाट सेवा थालेको हो । अन्य स्थानीत तहरु भवन निर्माणको चरणमा रहेका छन् ।

# प्यूठानमा ४० हजार पशुलाई खोरेत रोग विरुद्धको खोप

**झुलेनी पोष्ट**
**प्यूठान**

जिल्लामा ४० हजार पशुलाई खोरेत रोग विरुद्धको खोप लगाउने अभियान थालिने भएको छ । जिल्लाबाट खोरेत रोग उन्मुलन गर्ने लक्ष्य सहित खोप अभियान सञ्चालन गर्न लागेको पशुपन्छी विकास कार्यालयका वरिष्ठ वागवानी अधिकृत भाष्कर पौडेलले बताए । 'केन्द्रबाट ८० हजार डोज खोप प्राप्त भएको छ', उनले भने, '४० हजार नियमित र थप ४० हजार बुस्टर डोजको रुपमा प्रयोग गरीनेछ ।' खोप लगाउनका लागि तयारी भइरहेको उनले जानकारी दिए। भ्याक्सिनेटर नियुक्त गरी तालिम दिएर खोप अभियान अगाडी बढाउने उनले बताए । खोप अभियान अन्तर्गत सडक नजिकको क्षेत्रमा रहेका पशुलाई रोगको संक्रमणको



जोखिम बढी हुने भएकाले त्यस क्षेत्रलाई प्राथमिकता दिएको पौडेलको भनाई छ । 'मुल सडकदेखि पाँच किलोमिटर भित्रको क्षेत्रलाई प्राथमिकता दिएका छौं', उनले भने, 'गाइभैसीलाई खोप लगाइदैछ ।' सरुमारानी गाउँपालिका, स्वर्गद्वारी नगरपालिका र प्यूठान नगरपालिका क्षेत्रमा बढी खोप लगाइने उनले जानकारी दिए ।

## सरकारी सवारी .....

जनप्रतिनिधिहरु बिदाका दिन हिड्नुपर्ने बाध्यता रहेकाले कहाँ र के प्रयोजनमा गाडी गुडीरहेको छ भन्ने एकिन हुन चाहिँ पर्ने हो', उनले भने । दिएको जिम्मेवारी भन्दा व्यक्तिगत र व्यावसायिक कामका लागि सरकारी साधन प्रयोग भएको थाहा पाए प्रशासन वा प्रहरीलाई जानकारी गराउन प्रजिअ भुसालले आग्रह गरे । सरकारी सवारीर साधन दुरुपयोग हुँदा इन्धनको नाममा लाखौं खर्च हुने गरेको स्थानीयको गुनासो छ । गाउँमा बिरामी पर्दा एम्बुलेन्स नभएको बेला सरकारी गाडी सहयोग माग्दा शनिवारका दिन चलाउन नमिल्ने उदाहरण दिने जनप्रतिनिधिले आफ्ना कामका लागि शनिवार नचाहिने गरेको सेवाग्राहीको गुनासो छ । सरकारी काम बाहेक ब्यक्तिगत काममा सवारी साधनको दुरुपयोग हुँदा प्यूठानका स्थानीय तहमा इन्धनमा लाखौं खर्च हुने गरेको स्थानीय तहरुमा हुने लेखा परिक्षण प्रतिवेदन देखाउछ । स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीले कार्यालयको कामभन्दा व्यक्तिगत काममा गाडी दुरुपयोग गर्दा इन्धनमा लाखौं खर्च हुने गरेको हो । जिल्लाका ९ स्थानीय तह रहेको प्यूठानका सबै स्थानीय तहमा जनप्रतिनिधि आएपछि सावारी साधन थपिएका छन् ।

## तरकारी खेती.....

हुँदा पर्याप्त उत्पादन गरेपनि बिक्रिका लागि समस्या छ ।' जिल्लाको बाग्दुलामा रहेको संकलन केन्द्र व्यवस्थित नहुँदा किसानहरु मर्कामा पर्दै आएको उनको भनाई छ । स्थानीय बिपना भण्डारीले बाग्दुलामा रहेको एउटा मात्र संकलन केन्द्रले आफूहरुको उत्पादन धान्न नसकेको बताइन् । बाग्दुला, बिजुवारमा तरकारीले बजार नपाउँदा बारीमै कुहिने अवस्था हुने गरेको यिनको भनाई छ । सरोकारवाला निकाय र वडा कार्यालयले गाडिको सुविधा उपलब्ध गराए चकचके, भिंगु, बडडाँडा सम्म बिक्रिका लागि लैजान सकिने उनले बताइन् । डण्डी, माधवा, बिपना जस्तै स्थानीय ६० वर्षिय नमि बिकले तरकारी खेती गर्दै आएको २५ वर्ष पुगिसकेछ । परिवारको मुख्य आम्दानी यहि तरकारी खेती रहेको उनी बताउँछिन् । आफूहरुले जति उत्पादन गरीन्छ त्यति सबै बिक्रि गर्न सक्ने हो भने पैसा कमाउन बिदेश जानुनपर्ने यिनको भनाई छ । पछिल्लो समय कोभिडका कारण आफूहरुको तरकारीले बजार नपाएको रेखा सर्किले बताइन् । 'हामीहरु कोभिडका कारण मारमा पर्यौं', उनले भनिन्, 'महिला कृषकहरु भएका कारण स्थानीय निकायले व्यवस्थापनको लागि सहयोग गरेको छैन ।' आफूहरुले मल र विषादी आफैले बनाउने गरेकाले तरकारी उत्पादनमा कुनैपनी विषादी प्रयोग नभएको उनले बताइन् । बारीमा उत्पादन भएका तरकारी बिक्री नहुने हो भने छोराछोरी पढाउन र जीविको धान्न मुस्किल हुने यिनको दुखेसो छ । सुरुमा करेसावारीमा तरकारी फलाउँदै आएका दिदी बहिनीहरुले अहिले बारीभरी तरकारी उत्पाद गर्दै आएका हुन् । २०७१ सालमा फुलबारी एकीकृत ग्रामीण विकास संस्थाले १८ हप्ताको आईपिएम तालीम सञ्चालन गरेपछि यिनीहरुले ब्यवसायिक रुपमा तरकारी खेती उत्पादनमा लागेका हुन् । यहाँका २५ जना महिला कृषकहरुले त्यसबेला तालिम लिएका थिए । तालिम पश्चात् सहभागीहरुले कम्तीमा ६ देखी १० रोपनी जग्गामा एक जनाले तरकारी खेती गर्न थालेका हुन् । यिनीहरुले अहिले लघु फुलबारी आईपिएम कृषक पाठशाला कृषक समूह नामको सहकारी दर्ता गरेर सामुहिक रुपमा तरकारी खेती गरीरहेका हुन् ।

## छोटकरी

# फेरि फुट्यो राष्ट्रिय जनमोर्चा

**झुलेनी पोष्ट**
**प्यूठान**

राष्ट्रिय जनमोर्चा विभाजित भएको छ । यसअघि नेकपा मसालबाट विभाजन भएर नेकपा मसाल समन्वय समितिको केन्द्रीय समिति बनेको भए पनि अब सो पार्टीको वैधानिक मोर्चाको रूपमा रहेको राष्ट्रिय जनमोर्चाको पनि समन्वय समिति बनेको छ । भर्चुअल माध्यमबाट शनिबार सम्पन्न विशेष राष्ट्रिय भेलाबाट राष्ट्रिय जनमोर्चा केन्द्रीय समन्वय समिति गठन गरेसँगै राष्ट्रिय जनमोर्चामा विभाजन आएको हो । जसका अध्यक्षमा कृष्णराज पौडेल, उपाध्यक्षहरू चिन्तामणि पौडेल, सूर्य थापा र सुरेन्द्र भण्डारी, महासचिव लालबहादुर जाग्री, कोषाध्यक्ष ओमबहादुर केसी र सचिव गौरीलाल कार्की रहेका छन्। भेलाले ५१ सदस्यीय केन्द्रीय समिति चयन गरेको सो पार्टीनिकट पत्रकार नारायण शर्माले जानकारी दिए । यसअघि गत मंसिरमा नेकपा मसालबाट छुट्टिएर नेकपा मसाल समन्वय समिति बनेको थियो। जसको संयोजकमा सन्तबहादुर नेपाली र प्रवक्तामा कृष्णराज पौडेल रहेका थिए । सो समूहले राष्ट्रिय भेला गरी ५७ सदस्यीय केन्द्रीय सदस्य र ११ सदस्यीय सल्लाहकार रहेको नेकपा (मसाल)केन्द्रीय समन्वय समिति गठन गरेको थियो।

# प्रशासनमा बार अनुसार सेवा

**झुलेनी पोष्ट**
**प्यूठान**

जिल्ला प्रशासन कार्यालय प्यूठानले माघ आइतवारदेखि बार अनुसार सेवा दिन थालेको छ । कार्यालयमा कार्यरत कर्मचारीहरुलाई कोरोना संक्रमण हुँदा अत्यावश्यक बाहेक सबै सेवा बन्द बन्द गरेको कार्यालयले बिहिवार सुचना जारी गर्दै बार अनुसार सेवा लागेको जनाएको जानकारी दिएको हो । जारी सुचना अनुसार राष्ट्रिय परिचय पत्र बाहेक नागरिकता, राहदानी लगायत प्रशासन कार्यालयबाट प्रदान गरीने अन्य सेवा अर्को सुचना जारी नभएसम्मका लागि स्थगित तपसिल अनुसार सेवा दिन लागेको हो । जस अनुसार आइतवार नौबहिनी गाउँपालिका र गौमुखी गाउँपालिका, सोमवार झिमरुक गाउँपालिका र ऐरावती गाउँपालिका, मंगलवार मल्लरानी गाउँपालिका र प्यूठान नगरपालिका, बुधवार नौबहिनी गाउँपालिका र गौमुखी गाउँपालिका, बिहिवार झिमरुक गाउँपालिका र ऐरावती गाउँपालिका, शुक्रवार मल्लरानी गाउँपालिका र प्यूठान नगरपालिकावासीहरुलाई सेवा दिने भएको हो । इलाका प्रशासन कार्यालय जस्पुरको कार्यक्षेत्रमा रहेका स्थानीय तहका सेवाग्राहीलाई कार्यालय खुलेको सबै दिनहरुमा सेवा प्रदान हुने बताइएको छ । सेवा लिन आउँदा अनिवार्य रुपमा खोप कार्ड लिएर आउन भनिएको छ । खोप कार्ड मोवाइलमा खिचेको फोटो भएपनि पुग्ने सुविधा छ ।

# सरुमारानीको जंगलमा वेवारिसे शव भेटियो

**झुलेनी पोष्ट**
**प्यूठान**

जिल्लाको सरुमारानी गाउँपालिकामा एकजना युवकको बेवारिसे शव फेला परेको छ । सरुमारानी वडा नं २ स्थित जंगलमा कुहिएको अवस्थामा सोमवार शव फेला परेको जिल्ला प्रहरी कार्यालय प्यूठानले जानकारी दिएको छ । जगलमा घाँसदाउरा गर्न गएका स्थानीयले खोल्सामा मृत शव भेटेपछी प्रहरीलाइ खवर गरेका थिए । स्थानीयले दिउँसो खोल्सामा सुतेको अवस्थामा मृत शव र नजिकै झोला सहित फेला पारेका हुन् । मृतकको पहिचान खुल्न सकेको छैन । प्रहरी घटनस्थलमा पुगी आफन्तजनहरुको खोजतलासमा गर्दै अनुसन्धान थालेको छ । वेवारिसे भेटिएको शव कर्तव्य गरी हत्या गरी फालेको हो वा भवितव्य भन्ने बारे अनुसन्धान थालिएको प्रहरी नायव उपरिक्षक सत्यनारायण थापाले बताए ।

# मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

**झुलेनी पोष्ट**
**प्यूठान**

मोटरसाइकल दुर्घट्ना हुँदा आइतबार दिउँसो एक जनाको मृत्यु भएको छ । माण्डवि गाउपालिका-३, लामाचौरमा रा ५ प ६८८६ नम्बरको मोटरसाइकल दुर्घटना हुँदा मोटरसाइकलमा सवार स्थानीय अन्दाजी १८ वर्षीय किरण खनालको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय प्युठानका प्रमुख, प्रहरी नायब उपरीक्षक सत्यनारायण थापाले जानकारी दिए । थापाका अनुसार खनालको जिल्ला अस्पताल बिजुवारमा उपचारका क्रममा मृत्यु भएको हो । दाङको भालुबाङबाट भिंगुर्फ जाँदै गरेको ना ४ ख ३९९६ नम्बरको यात्रुबाहक बससँग साँघुरो बाटो मा जम्काभेट हुँदा मोटरसाइकल नियन्त्रण गर्न नसक्दा अनियन्त्रित भई नालीमा खस्दा दुर्घटनामा परेको हो । बस र मोटरसाइकल चालकलाई प्रहरीले अनुसन्धानका लागि नियन्त्रणमा लिएको छ। मृतकका आफन्तले क्षतिपूर्तिको माग गर्दै जस्पुर- भिङ्गु सडक खण्डमा आइतवार बेलुकासम्म यातायात अवरुद्ध गरेका थिए । यात्रुवाहक बस तिब्र गतिमा हुँदा मोटरसाइकल दुर्घटनाका परेको स्थानीयले आरोप लगाएका छन् । त्यसैगरी सडकमा लामो समयदेखि मर्मतका लागि खनेको खाल्डो सडक डिभिजनले समयमै काम नसक्दा दुर्घटना भएको उनीहरुको आरोप छ ।

झुलेनी पोष्ट
साप्ताहिक
समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका
लागि हामिलाई सम्पर्क : ०८६-५९०४३६

# तामाङ्ग जातिको चिनारी



मित्र बहादुर थापा

प्युठानको साविक अर्खा गा.वि.स.वडा नं.७ थनिका अर्थात गौमुखी गा.पा. वडा नं.१ अर्खा थनिकामा करिव ६० घर तामाङ्ग वस्ति रहेको छ। प्युठान जिल्लाको गौमुखी गा.पा. वडा नं.१ अर्खा थनिकामा मात्र रहेको तामाङ्ग वस्तिको आफ्नै महत्व रहेको छ । वौद्व धर्ममा आस्था राख्ने तामाङ्ग समुदायको आफ्नै छुट्टै संस्कार रिति रिवाज र पहिचान रहेको छ। भाषा आफ्नै भेष पनि आफ्नै रहेको छ।

यहाँ रहेका तामाङ जाति कहाँ वाट कसरी यहाँ सम्म आएका हुन भन्ने कुराको खोज अनुसन्धान गर्दै जादा ७४ वर्षे धन वहादुर तामाङ सँग पटक पटक कुरा हुन पुग्यौं। उहाँको भनाई अनुसार यहाका तामाङ जाति सिन्धुपाल्चोक जिल्ला सेलोङ्गथान हेङ्गगुचे ठाउँबाट आएको बताउनुहुन्छ । सिन्धुपाल्चोक जिल्लाका लिलवहादुर तामाङ वि.स.१९७५ वरीपरी प्युठानको खलगांमा आर्मिको भारी बोकेर आएका थिएरे । उनका दाइ बाइसिङ तामाङले भाइ लिलवहादुर लाई खोज्दै प्युठान आएका थिए । त्यसपछि भाइ लिलवहादुर पश्चिम दैलेख जिल्लाको दुरलोक भन्ने ठाउँमा गएका थिए।



दाई बाईसिङ तामाङ प्युठानकै चिसाबाङ भन्ने ठाउँमा त्यहाँका ऋषिराम उपाध्यले व्यवस्था गरेको खेतमा वसेका थिए। त्यसपछि त्यहाँ छोडेर अर्खा अर्तुवाङमा पनि केहि समय बसेका थिए। फेरि त्यहाबाट तत्कालिन अर्खा गाउँ पञ्चायतका मुख्य भिमसिङ राना मगरले तामाङ जातिलाई अर्खाको थनिकामा वसोवासका लागि व्यवस्था गरिदिएका थिए। त्यस समय देखि केहि तामाङ तराईको चितवन तथा नवलपरासी दुम्किबास बसाई सराई गरे पनि अन्य धेरैजसो तामाङ अर्खा थनिकामा नै आफ्नै मौलिकतामा बसोबास गर्दै आएका छन् ।

सिन्धुपाल्चोकै तामाङको छोरी धनलक्ष्मिसंग वैवाहिक सम्बन्ध गासेका बाइसिङ तामाङको १ छोरा मात्र जन्मेका थिए । छोराको नाम मन बहादुर तामाङ थियो । मन बहादुरका दुइ वटा श्रीमति थिए । जेठि श्रीमति बाट ४ छोरा, १ छोरी कान्छि श्रीमति बाट ४ छोरा २ छोरी जन्मेका थिए । कान्छि श्रीमति बाट जन्मेका छोरा मनजित तामाङले वाग्लुङ जिल्ला हालको भुपाखोला गाउँपालिका वडा नं.७ राजकुट कुडुलाका सुबई तामाङ (लोप्चन) का छोरी संग विवहा गरेका थिए। त्यस समय देखि प्यूठान र वाग्लुङका तामाङ जाति विच दोहोरा वैवाहिक सम्बन्ध रहेको छ। यी सबै कुरा बृद्व धनवहादुर तामाङले अग्रज बुढापाखा व्यत्तिहरु वाट सुन्दै आएको वताउनुहुन्छ । यहा १ घर लोक्टे तामाङ (वोम्जङ) को खलक पनि बसोबास रहेको छ। पहिले विगत मातामाङ जातिको छोराछोरी मगर जातिको छोराछोरी संग विवाह सम्बन्ध गाँस्न नपाईने प्रचलन थियो। यदि विवाह भई हालेमा विवाह गर्ने घरले अर्खा वसोवास गर्ने सबै थरथोकका प्रमुखलाई भेलामा बोलाई भोज खुवाउने प्रचलन थियो। जस्लाई भान्सा फुकाउने भन्ने प्रचलन थियो । हाल त्यो प्रचलन हटेको छ । सायद त्यहि भएर होला हाल तामाङ जातिको छोराले मगर जातिको छोरीसंग विवहा गर्न थाले पछि तामाङ भाषा लोप हुन थालेको धनबहादुर तामाङ वताउनुहुन्छ।

साविक अर्खा गा.वि.स. ७ थनिका टोलको हाल सम्म भएका वडा सदस्य तथा वडा अध्यक्षहरुको नामावलि

- मन ब. तामाङ (हवल्दार) वडा सदस्य।
- रन ब. तामाङ (हवल्दार) वडा सदस्य।
- लाल ब. तामाङ (हवल्दार)वडा सदस्य।
- होम बहादुर तामाङ (कर्ण)वडाअध्यक्ष।
- दिपक तामाङ वडा अध्यक्ष।
- नरे तामाङ वडाअध्यक्ष।
- केअर सिंङ तामाङ वडा सदस्य। (२०७४ मा जन निर्वाचित) वि.स.२०७० मा श्री धन वहादुर तामाङको अध्यक्षतामा तामाङ जातिको उत्थान तथा संस्कार संरक्षणको लागि नेपाल तामाङ ढेदुङ जिल्ला कार्य समिति गठन गरिएको थियो । हाल त्यस समितिको अध्यक्ष युवा प्रदिप तामाङ, सचिव रुम वहादुर तामाङ र कोषाध्यक्ष लालकुमार तामाङ रहेका छन् । वि.स.२०६५ सालमा धनवहादुर तामाङले निशुल्क रुपमा दिएको जग्गामा एक वौद्व गुम्बा वनाईएको छ। उक्त गेम्बामा अहिले हरेक वर्ष सोनाम ल्वोसारको अवसरमा विविध कार्यक्रम गरि ल्वोसार पर्व मनाउन थालिएको छ । गुम्बा सम्म गौमुखी पर्यतन पदमार्ग एक साल खन्ने काम भएको थियो त्यसैगरी गुम्बा लाई थप व्यबस्थापन गर्न हरेक वर्ष वडा तथा गा. पा.बाट बजेट विनियोजन भईरहेको छ। थप गुम्बा सम्म आवत जावत सहज बनाउन मोटरबाटो खन्न आवश्यक देखिन्छ। हालै वि.स.२०७६ मा उत्तम तामाङ (लामा) र नन्दराम तामाङले आफ्नो स्वर्गिय वुवाको सिमेन्त ढलान सहितको पक्कि समाधिस्थल (दुर्चागाङ) निर्माण गर्ने कार्य भएको छ।

यहाँको तामाङजातिको जन्मदेखि मृत्य पर्यन्त सम्म हुने रितिरिवाज, संस्कार पृथक प्रकारको रहेको छ। तामाङ समुदायको भाषा, संस्कारलाई संरक्षण गरि प्रर्यतन प्रवर्द्धनको विकास गर्न सकेमा तामाङ जातिको जातिय उत्थान सगै यस क्षेत्रको समर्ग विकास गर्न सकिन्छ।

केहि तामाङ भाषा

१) नमस्ते = छ्यफुल्ला
२) बाई = लसो है लसो
३) स्वागतम् = दानछ्याङो
४) भित्र यता आउनुस् =चिन्डो फ्याट नाउ
५) त्यहा वस्नुस् = होजि सिगो है
६) रक्सि =आइराके
७) जाडो= चि
८) पिउनु =थुङ्गो
९) जाउ= निडे
१०) वावा= आपा
११) आमा =आमा
१२) दिदि=नाना
१३) वहिनि= चोङ
१४) दाई =चोजो
१५) भाई= चोजो छ्याङ्वा
१६) मामा =आसाङ
१७) हजुर वुवा= आइवे
१८) हजुर आमा= माम


## गाउँपालिकावासिलाई अनुरोध

लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, लिवासे प्यूठान



## जाडोबाट बच्न निम्न उपायहरु अबलम्बन गरौ

- तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौं ।
- न्यानो कपडा लगाऔं । घाम वा आगो तापौं। तेल मालिस गरौं ।
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं ।
- ताजा र पौष्टिक खानेकुरा खाऔं ।
- जाडोबाट बच्ने नाममा धुम्रपान तथा मध्यपान नगरौं ।
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीहरुसँग परामर्श लिऔं।

अनुरोधक :
स्वास्थ्य कार्यालय, प्यूठान



## माघ महिनामा गरीने कृषि कर्मबारे जानीराखौं ।

- वर्षे आलु लगाई सक्ने बेला भयो ।
- पतझड फलफूलको काँटछाँट गरी बोर्डो पेष्ट लगाउने ।
- हिउँदे फलफूलको बिरुवा लगाउने । फलफूलको काँटछाँट गरी मल दिई सिंचाई गर्ने र फेदमा मल्चीङ गर्ने ।
- माटो परिक्षणको लागी प्रयोगशाला वा माटो शिविरमा पठाउने ।
- मकैबाली लगाउनको लागि जमिन खन जोत गरी कम्पोष्ट मल मिलाई जग्गा तयार गर्ने ।
- कन्ये च्याउन खेती सुरु गर्ने ।



## कृषि तथा पशुपालन सम्बन्धी सामान चाहिएमा हामीलाई सम्झनुहोस

उन्नत स्थानीय र हाइब्रिड जातका तरकारी तथा अन्नवालीका बिऊ बिजन, किटनाशक तथा ढुसी नासक विषादी, कुखुरा, बङ्गुर, कालिज, टर्कि, गाई भैसी र बाख्राका दाना, गाई भैसीमा कृत्रिम गर्भाधान सेवा, गुणस्तरीय ब्रोइलर, लेयर्स, कालिज, टर्कि गिरिराज, कडकनाथ चल्ला, पशुपन्छीहरुको औषधी उपचार सेवा चाहिएमा सेवा गर्ने मौका दिनुहोला।

किसान एग्रोभेट,
किसान एग्री एण्ड फिड सप्लायर्स
प्यूठान न.पा.-४, जुम्रि प्यूठान

सम्पर्क फोन : ९८४७८३९१४३, ९८६८६६८७८८

नोट : हामीकहाँ २४ सै घण्टा पशु पालन सम्बन्धी प्राविधिक परामर्श सेवा उपलब्ध छ ।

# हुक्काको प्रेमिल धुवाँ

**चुहिन खोजेका आँसु र ओठमा फुलेको मुस्कानको संयोजनमा आर्कषक देखिन्थ्यो ऊ । अद्भुत, अनमोल र मिठासपूर्ण । मेटाउन खोज्दै थियो उसको विगत । सायद बनाउने कोसिसमा थियो सुन्दर कलात्मक नयाँ आकृति उनको मनभित्र ।**



## अजवी पौड्याल

मिन्ट फेभरको हुक्का तम्तयार छ उनीहरूको अघि । क्यारमदाना गोलो क्वायल तम्तयार छ भिड्नका लागि । आकर्षक र्‍यापिङ पेपरले छोपेको सुर्तीका टुक्राहरू मिन्ट फेचरमा स्वादिलो बनेको छ । लाइटर लगाउनासाथ चट्ट आवाजमा सल्किन्छ क्वायल । यस्तो लाग्छ तातोको स्पर्शमा सकिँदै जाने सुर्ती जलेरै मात्रै पहिचान बनाउँछ । उसलाई जल्नु र सकिनुमा कुनै सवाल छैन । हुक्का जोडिएको नली कलात्मक पाराले बेरिएको छ । क्वाइल, सुर्ती र नलीबिच विशेष खालको सम्बन्ध छ, जुन विना एकअर्को अपुरो, अधुरा छन्। यस्तै अट्याजमेन्ट छ हुक्काछेउ बसेका दुई जीवनबिच । जुन अव्यक्त तर जानकार, अन्जान तर लामो दोस्तीयारीजस्तै । बहुत जटिल दिवानाजस्तै। मिठो, सुरम्य । ओजिलो सम्झना ।

हुक्काको नली कसकास पारेर चेकजाँच गरेपछि उसले नलीको टुप्पो आफ्नो मुखमा लगेर धुवाँ तान्न थाल्यो । मुखभरि थुप्रिएको धुवाँ स्वादिलो पाराले बाहिर हुत्यायो । अनि सकुनको लामो सास घुटुक्क निल्यो । धुवाँको स्वादसँगै उसले सास मात्रै निलेन, चरम सन्तुष्टिको मजा पनि लियो । उसको अनुहारमा आनन्दको रेखा दौडिरहेको थियो । उसको खुसी भरपुर अनुभूत गरी उसले । हुक्का तान्ने र फाल्नेबिच केही बेर सुस्तायो ऊ । शिथिल देखिन्थ्यो अलिकति । उसका आँखामा केही रहस्य लुकिरहेझै लाग्थ्यो । केही भन्न खोजेका कुरा, केही भन्न नचाहेका सत्य । तछाडमछाड गर्दै ओठमा सलबलाइरहेथ्यो । उसको अनुहारमा विगत चम्किरहेको थियो । दर्द र चोटहरू पोखिइरहेको थियो। आत्मसम्मानका खातिर दौडिएका उसका पाइला पटक-पटक बदनामीको मारमा परेर अड्किरहन्थ्यो । तैपनि उसले हिम्मत हारेको थिएन । ऊ पुनः उठ्थ्यो, सलबलाउँथ्यो । बिस्तारै शिखर चुम्ने गतिमा दौडिरहन्थ्यो ।

आँखामा फुलिरहेका थियो एउटा आशा । ओठमा निडर हुनुको परिचय । फिस्स हाँस्थ्यो अनि पुनः हुक्का तान्थ्यो । बेफिक्री तरिकाले धुवाँ उडाइरहन्थ्यो । न खुलेर हाँस्न सक्थ्यो, न आँसु नै चुहाउन सक्थ्यो । आँसु र हाँसोबिचको द्वन्द्वमा कहिले उसले कन्फिडेन्ट डगमगाउँथ्यो त कहिले ओभर कन्फिडेन्ट देखिन्थ्यो । गजबको माहोल छाइरहेको थियो । ऊ केही नबोलेर पनि सबै बुझिरहेकी थिई उसले । केही नभनेर पनि महसुस गरिरहेकी थिई । जे होस् ऊ र उसबिचको यो माहोलले उनीहरू दुईलाई मात्र एकछत्र राज गरिरहेको थियो । बिर्सिएका थिए बाहिरी दुनियाँ ।

गहिरो नजरले दृष्टि फ्याक्यो उनीतिर । निर्बाध उसलाई हेरिरहेकी उनको आँखामा एक फरक खालको भाव छचल्किरहेको थियो । उत्सुकताले भरिएको प्रश्न अनि आनन्द भावको खुसी पनि । पटक-पटक हुक्का तान्ने र धुवाँ उडाउने क्रम चलिरह्यो उसमा । निर्निमेष उसको आँखा नियालिरहेकी उसमा अजिब खालको सन्नाटा देखिन्थ्यो । कहिले उसको हातबाटै हुक्काको नली खोसेर सिधै मुखमा हुल्थी उसले त कहिले नली समाउन अभ्यस्त उसका औँलाहरूको छुवाइमा बेग्लै रोमाञ्चकता फिल गर्थी । वरिपरि मडारिएको हुक्काको सेतो धुवाँ उनीहरूबिचको दिवार बनेको थियो । मात्रै २ सेन्टिमिटरको दूरीमा फरक-फरक हुन् भन्ने भान हुन्थ्यो । कति वेला आँखाले बोल्थे उनीहरू कति वेला सासैसासले कुरा गर्थे । जे गर्थे स्वतन्त्र जिन्दगीको सुख भोग गरिरहेका थिए । उनीहरूलाई देख्ने हर कोहीलाई यस्तो लाग्थ्यो । दुनियाँ बिर्सियर एक अर्कालाई प्रेम गर्ने भाग्यमानी प्रेमिल जोडी होलान् । उसका लागि हुक्काको स्वाद नौलो नभए पनि उसले भने पहिलोपटक धुवाँ तानिरहेकी थिई । धुवाँसँगै निल्न खोज्दै थिई मनका पीडाहरू । जिन्दगीका तिता अनुभवहरू । पहिलोपटक हुक्का तान्दा अलमलिएर निसास्सिएकी ऊ यो पटक भने निकै निर्धक्क भएर तान्दै थिई हुक्का ।

धुवाँको स्वादसँगै घुटुक्क निली उसले विगत पनि । विगतजस्तै नमिठो लाग्यो हुक्काको पहिलो स्वाद पनि । 'फिल गरेर बिस्तारै तान न' छेउमै बसेको उसले सम्झायो । 'एकछिन सब कुरा बिर्स जस्ट हुक्का तान । एक घण्टाका लागि सब छाड । उसले पुनः अनुरोध गर्‍यो ।' जब असभिन्थ्यो धुवाँ । पानी सारेर दिन्थ्यो उसले । उसको अनुरोधले हिम्मत मिल्यो उसमा । बिस्तारै हुक्कामा अभ्यस्त बन्दै गई ऊ । कफी, खाजा खाने सुरमा त्यहाँ छिरेका उनीहरू अकस्मात् हुक्कासँग पनि जोडिए । हुक्काको धुवाँ बन्द कोठाभित्र बाहिर निस्कने बाटाको खोजीमा रुमलिए पनि उनीहरू भने त्यही अडिन खोज्दै थिए। त्यहाँबाट निस्कने बाटो नभए हुन्थ्यो, समय त्यही टक्क अडिए हुन्थ्यो भन्ने चाहन्थे । अव्यक्त उनीहरूको यो चाहत आँखामा प्रस्ट झल्कन्थ्यो । धुवाँ तान्दै गरेको हुक्कामा भरिएको पानी छचल्किएको देखि उसले । बडो कलात्मक तरिकाले पानीका अवयवहरू यताउता गरिरहेका थिए । यस्तै उसको मनभित्रको ज्वारभाटा पनि यत्रतत्र छचल्किएको अनुभूति गरी उसले । उकुसमुकुस भएर मनमै मडारियो छालहरू। पुनः हुक्का तानी आँखा बन्द गरेर निकै बेर धुवाँलाई महसुस गरिरही । बसिरहेको परिवेशलाई कुहिरोमण्डल बनाउँदै उडिरहेको धुवाँ नजिकैबाट स्पर्श गरी उसले । यस्तो लाग्यो। खास मभित्रका नमिठा यादहरू यसै गरी उडिदिए हुन्थ्यो । घाँटीमा रमरम गर्दै छिरेको मिन्ट फेभरको सुर्ती फोक्सोसम्मै पुगेर अड्कयो सायद । केही बेर लट्ठ देखिई ऊ । शान्त बनेर हाँसिरहेकी थिई । उमङ्ग महसुस गरिरहेकी थिई । अडरको कफी आउँथ्यो । मःमः थियो । बाफ उडाउँदै आयको कफी कति वेला कोल्डमा रूपान्तरण भइसक्यो अनभिज्ञ थिए उनीहरू । आँखाको भाषामा कुरा गर्न हुक्का यथेष्ट थियो ।

न ऊ बोल्थ्यो न उसले नै बोलाउँथी । आवाजमा कुरा नभए पनि आँखाले नै प्रश्न गर्थे र उत्तर पनि दिन्थे । अपोजिट सिटमा बसेको उसले उनको अनुहारमा देखिएको छटपटी हेरिरहेको थियो । धेरै जिम्मेवारी काँध थापेकी उसले वेला-वेला मोबाइलको बटम थिच्थी र समय ख्याल गर्थी । उठ्न खोज्थी । उठ्नु उसको बाध्यता थियो भने यो प्रेमिल समयको स्वाद लिनु रहर अनि चाहत । बाध्यता र रहरको बिचमा ऊ खास मोमेन्ट क्लिक गर्ने धाउन्नमा थिई । त्यो पललाई सम्झनाको ओरिजिनल हार्डडिक्समा कैद गर्ने कोसिसमा थियो ऊ पनि । मोबाइलको क्यामरा खोलेर पोज-पोजको फोटो क्लिक गरिरहेको थियो ऊ । समय रोकिँदैन थियो, तेज रफ्तारमा कुदिरहेको थियो । अनि हुक्कामाथिको सल्किएको क्वाइल पनि खरानी बन्दै थियो । सेकेन्ड भन्दा सानो समय सम्झन योग्य बनाउने चाहन्थ्यो ऊ। लामो समयदेखिको प्रतीक्षाको एउटा घडीमा आज घण्टी बजेको थियो । हुक्काको नली लामो भए पनि दुईबिचको दूरी त्यसले टाढा बनाएन । हातभन्दा खुट्टा धेरै, त्योभन्दा धेरै आँखा ठोकिए, मन खोलिएका बोली कमै थिए । सायद हुक्काको बसाइ पहिलो भएर हो कि ? चुहिन खोजेका आँसु र ओठमा फुलेको मुस्कानको संयोजनमा आर्कषक देखिन्थ्यो ऊ । अद्भुत, अनमोल र मिठासपूर्ण । मेटाउन खोज्दै थियो उसको विगत । सायद बनाउने कोसिसमा थियो सुन्दर कलात्मक नयाँ आकृति उनको मनभित्र । वेटरले तेस्रोपटकको ब्ल्याक कफी सर्भ गर्‍यो । साथमा थियो स्टिम चिकन मःमः । मुख खुम्च्यार मःमका डल्ला निलिदिई उसले । मःमको पिस उसलाई पनि जबरजस्त कोचिदिई । मःमको स्वादभन्दा बढी सुखद अनुभूति गरे उनीहरूले सायद । समयले घेरा बनायो उनीहरूबिच । गह्रुँगो मन लिएर पदचापहरू उज्यालोतर्फ मोड्ने सुरसारमा थिए । जलेर नसकिएको हुक्का, स्वाद नभ्याइएको मिन्ट फेभरको सुर्ती टेवलमै विराजमान थिए । *साहित्यपोष्टबाट*

# मृगौला प्रत्यारोपण कसरी सहज बनाउने ?




## अर्चना बगाले

मानव शरीरमा एक जोडि सिमी आकारको मिर्गौला रहेका हुन्छन्। मिर्गौलाले शरीरमा रहेका विषाक्त पदार्थलाई बाहिर फाल्ने, शरीरमा पानी अनि इलेक्ट्रोलाइट्सलाई ब्यालेन्स गर्ने, रक्तचापलाई ब्यालेन्स राख्ने, औषधिबाट आएका अनावश्यक तत्वलाई बाहिर निकाल्ने, रगतको कोष उत्पादनमा सहयोग गर्ने तत्व बनाउँछन्। उच्च रक्तचाप, मधुमेह, मिर्गौलाका अन्य वंशाणुगत रोगहरु आदीको जटिलताबाट मिर्गौला पूर्ण क्षति भएर कार्य गर्न असफल भएको अवस्थालाई मिर्गौला फेल भएको भनेर भनिन्छ। विकसित राष्ट्रमा जस्तै नेपालमा पनि यो सम्सया दिनानुदिन बढीरहेको छ।

हाम्रो खानपान, रहनसहन अनि स्वास्थ्य प्रति जटिलता नआइ सजग नहुने अवस्थाले गर्दा यो समस्या जनमानसमा बढ्दै छ। नेपाल सरकारले मिर्गौला फेल भएका बिरामीलाई हप्ताको २ पटक निशुल्क डायलाइसिसदेखि लिएर मिर्गौला प्रत्यारोपणलाई प्रत्यारोपणको समयमा ४ लाख अनि प्रत्यारोपणपछि १ लाख ५० हजार गरेर ५ लाख ५० हजारको सुविधा समेत दिएको छ। आर्थिक अवस्थाले थलिएका अनि डायलाइसिसमा रहेका बिरामीलाई नेपाल सरकारको सुविधाले राहत भने दिएको छ।

यो सकारात्मक पक्ष हो। तर पनि साधन स्रोत अनि जनशक्ति अभावका कारण निशुल्क डायलाइसिसलाई पालो कुर्नुपर्ने नमिठो बाध्यता पनि बिरामीमा छ। प्रत्यारोपणका लागि साँघुरो नाताको घेराले रक्त समूह नमिल्दाको हैरानी पनि कम पिडादायी भने छैन। मिर्गौला प्रत्यारोपणको लागि नेपाल सरकारले पहिलो घेराका ५२ जना नाताबीच मिर्गौला लेनदेन गर्ने कानुनमा प्रावधान छ। नाता अनि रक्त समूह मिलेको खण्डमा कानुनी प्रक्रिया पुरा गरेर अंग प्रत्यारोपण गर्न सहज पनि छ। दिनेको सम्पूर्ण चेकजाँच अनि लिनेको पनि चेकजाँच पुरा भएपछि दिनेको शरीरमा रहने एउटा मिर्गौलाले पनि निजलाई आफ्नो शरीरको आवश्यकता पुरा गर्न सक्छ भन्ने भएपछि मात्र प्रक्रिया अगाडि बढ्छ। मिर्गौला रोग विशेषज्ञदेखि लिएर शल्य चिकित्सक प्रत्यारोपण संयोजक, प्रशासन अनि शल्यक्रियामा संलग्न हुने सम्पूर्ण स्वास्थ्यकर्मीको प्रयासबाट प्रत्यारोपणको प्रक्रिया पुरा हुन्छ।



रक्त समूह नमिलेको खण्डमा सट्टापट्टाको पनि प्रावधान नेपालको कानुनमा छ। तर यसमा दिने र लिनेको ए अथवा बि रक्त समूह भए सहज छ। अन्य रक्त समूहलाई कानुन साँघुरो छ। यसको दायरा फराकिलो बनाउन सके रक्त समूह नमिलेर हैरानी खेपेका मिर्गौला पीडित उपचार/प्रत्यारोपण प्रक्रिया सहज हुने थियो।

अर्को भनेको मस्तिस्क मृत्यु भएका तर शरीरमा अन्य अंगले काम गरेको खण्डमा निजका परिवारले अंग दान गर्न चाहेमा यसत्बाट आउने मिर्गौलाले सयौंको संख्यामा आफन्त अनि रक्त समूह निमलेर पालोमा बसेका बिरामीले मिर्गौला पाउँछन्। तर हाम्रो देशमा चेतनाको अभाव अनि अंगदानका फाइदाका बारेमा मानिसहरु जागरुप नभएकाले पाउन गाह्रो चिठ्ठा भरेर बसेको जस्तो अवस्था बिरामीमा छ। यसको लागि सम्बिन्धित निकायले सहज वातावरण बनाइदिए सयौं मिर्गौला पीडितले प्रत्यारोपण गर्न पाउने थिए। विज्ञको सल्लाह लिएर कानुनलाई फराकिलो बनाउन सके मिर्गौला पीडितमा खुशीको/आशाको किरण छाउने थियो। यसप्रति सम्बन्धित सबैको ध्यान गए पानी खान नपाएर छट्पटिएका मिर्गौला पीडित अनि हप्ताको २-३ पटक डायलाइसिसमा रहनुपर्ने हैरानीबाट सयौं बिरामी उन्मुक्त हुन पाउने थिए।

-(बगाले शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रकी ट्रान्सप्लान्ट कोअर्डिनेटर हुन्।)

तपाइको घर तथा अफिस अफिसको साथी .......

**हाम्रो राम्रो डेकोर एण्ड मल्टि सप्लायर्स**

प्रो. सन्देश आचार्य (९८५७८३१९४७, ९८४८१६५१४७)



**घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्रि आवश्यक परेमा हामीलाई सम्झनुहोस् ।**

मो.नं.: ९८५७८३३४५५

**पृथ्वी एग्रोभेट सेन्टर**

प्यूठान न.पा.-८, बाग्दुला प्यूठान



हामिकहाँ विभिन्न प्रकारका बिउबिजन, बिषादी, कम्बाईन मिल, मिनिटिलर, थ्रेसर, रोटामेटर, लगायत कृषि सम्बन्धी सम्पूर्ण सामग्री उपलब्ध छ ।

तपाइको घर तथा अफिस सजाउने जिम्मेवारी अब हाम्रो .......

**राज डेकोर होम**

9857821586



**घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्रि एउटै छानामुनी सुपथ मुल्यमा उपलब्ध छ**


## गैरकानुनी आर्जन भ्रष्टाचार हो

- सार्वजनिक पद र जिम्मेवारीमा रहेका व्यक्तिहरुले शक्तिको दुरुपयोग गरी गर्ने गैरकानुनी आर्जन भ्रष्टाचार हो ।
- भ्रष्टाचार विरुद्ध स चेत होऔं । भ्रष्टाचार भएको शंका लागेमा तत्काल अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा स्थानीय प्रशासनमा खबर गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## नगरपालिका वासिलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।

२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।

३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।

४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं ।

५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं ।

६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।

७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं ।

८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।

९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।

१०) बाल बिवाह रोकौं, छोरीको उज्ज्वल भविष्यको लागि आजैदेखि सोचौं ।

११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं ।

१२) नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**स्वर्गद्वारी नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, भिंगृ प्यूठान

## नगरवासिलाई अनुरोध


१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।

२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।

३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।

४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं ।

५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं ।

६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।

७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं ।

८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।

९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।

१०) बाल बिवाह रोकौं, छोरीको उज्ज्वल भविष्यको लागि आजैदेखि सोचौं ।

११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं ।

१२) नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।


अनुरोधक
**प्यूठान नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, बिजुवार प्यूठान


**झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक**

अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२)

कार्यालय : प्यूठान न.पा.-४, बिजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : पौरखी अफसेट प्रेस बाग्दुला प्यूठान